| ७१ | सुरोजराज राजकर्णिकार | | |
| ७१ | बिजय कुमार गच्छेदार(मन्त्री) | | |
| ७२ | डम्बर श्रेष्ठ (मन्त्री) | | |
| ७२ | हुपेन्द्रमणि के.सी | यी प्रतिबादीहरूलाई बिशिष्ट व्यक्तिहरूको निवास बिस्तारको कार्यमा संलग्न नभएको भनी सफाई पाएको देखिन्छ। | |
| ७३ | जीत बहादुर थापा | | |
| बिशिष्ट व्यक्तिहरूको निवास बिस्तारको क्रममा रहेको मोहिहरू भनिएको प्रतिबादीहरू | | | |
| क.स. | नाम | **कसुरकायम** | बिगो रू |
| ७४ | श्रीकृष्ण महर्जन | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को कसुरमा मतियारको कसुर गरेकोमा सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक बाक्यांश बमोजिम मतियारको कसुर गरेको देखिदा निज प्रतिबादीहरूलाई सोही दफा बमोजिम मुख्य प्रतिबादीहरूलाई हुने जनही २ बर्ष कैद हुने र निजहरूको हकमा आरोपपत्रको माग दावी बमोजिम बिगो कायम हुने | रू १,९०,४०,०००।- |
| ७५ | द्रारिकामान महर्जन | | ३,५८,७२,०००।- |
| ७६ | ग्वाराभाई महर्जन | | १,८८,८०,०००।- |
| ७७ | मचानानी महर्जन | | १,५५,२०,०००।- |
| ७८ | बाबुराजा महर्जन | | ३,४४,००,०००।- |
| ७९ | रेना गुरूङ | | २,२७,२०,०००।- |
| ८० | तिर्थमाया महर्जन(आशा नारायण महर्जनको श्रीमती | | ६७,२०,०००।- |
| ८१ | तिर्थमाया महर्जन(नाती महर्जनको श्रीमती ) | | ३,९०,४०,०००।- |
| ८२ | देव नारायण महर्जन( नाती महर्जनको छोरा) | | २,९७,६०,०००।- |
| ८३ | देव नारायण महर्जन(ड्राईभर भाईचाको नाति आशाकाजी महर्जनको छोरा) | | ३,९०,४०,०००।- |
| ८४ | कान्छा महर्जन | | ५२,८०,०००।- |
| ८५ | हर्क नारायण भन्ने हर्ष महर्जन | | ४४,८०,०००।- |
| पशुपति टिकिन्छा गुठीका सम्बन्धमा | | | |

८(१) र सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम दफा ३ को उपदपा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ) र सोही ऐनको दफा २४ बमोजिम थप सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो रू ९,६५,७६,०००।–असुल उपर\जफत हुन मागदावी लिईएको देखिन्छ। यी प्रतिबादीका हकमा विशेष अदालतबाट फैसला गर्दा मन्त्रिपरिषद्को सामूहिक निर्णयका मूल निर्णयकर्ता रहेको,सोही सामूहिक निर्णयको अक्षुण्यताको संरक्षण यी प्रतिवादीलाई समेत जाने, यि प्रतिवादीको कुनै हदसम्म संलग्नता देखिए पनि वदनियत पुष्टि हुन नसकेको भन्ने आधार लिई सफाई दिएको देखिन्छ।फौजदारी कसूरमा सम्लग्न कुनै पनि कसूरदारका हकमा कुनै पद वा हैसियत वा निजको प्रभाव वा औकातलाई मापन गरी फौजदारी दायित्वबाट उन्मुक्तिको वा सफाईको आधार कदापी बन्न सक्तैन।व्यक्तिगत रुपमा फौजदारी कसूर गरेको अवस्थामा नत कुनैपनि व्यक्तिलाई नीतिगत निर्णयको घुम्टोमा बेरी सफाई दिन सकियोस। यसर्थ प्रतिवादी बिजयकुमार गच्छदारका हकमा निज विरुद्धको कसूरमा सम्लग्नताका तथ्यगत आधार र मिसिल सम्लग्न सवूद प्रमाणलाई विशेष अदालतले दिग्भ्रमित पार्ने गरी नीतिगत निर्णय गर्ने हैसियतको व्यक्ति भनी गलत ब्याख्या विश्लेषण गरी फैसला गरेको प्रथम दृष्टिमै देखिन्छ।

- विशेष अदालतले फैसलामा यी प्रतिवादीलाई नीतिगत निर्णय गर्ने सदस्यको हैसियत देखाई सफाई दिएको देखिन्छ।अर्कोतर्फ फैसलामा यी प्रतिवादीको जुन निर्णयमा संलग्नता थियो त्यो निर्णय गर्दा निजको वदनियत देखिएन भनी सफाई दिने दोस्रो आधार उल्लेख गरिएको छ।मन्त्रिपरिषद्ले गरेको सामूहिक निर्णय र विभागीय मन्त्रीले गरेको व्यक्तिगत निर्णयलाई फरक दृष्टिकोणले हेरिनु पर्ने प्रस्तुत मुद्दाका कसूर तथ्यहरुलाई त्यसरी नहेरी यी प्रतिवादी विरुद्धका कसूर पुष्टि हुने सवूद प्रमाणलाई गोलमटोल तवरले नीतिगत निर्णय भनी ब्याख्या विश्लेषण गरिएको छ। अनुसन्धानले मन्त्रिपरिषद्का सदस्यहरु मध्ये संस्थागत रुपमा को कसको फौजदारी कसूरमा सम्लग्ता छ भन्ने विषयमा Corporate CriminalVeil (संस्थागत फौजदारी घुम्टो) खोली प्रतिव्यक्ति कसूरमा सम्लग्नताका विषय तथ्य अलग अलग रुपमा स्थापित भएको अवस्थामा यी प्रतिवादीका हकमा पद वा हैसियतको आडमा वा मन्त्रिपरिषद्को सदस्यको हैसियतमा व्यक्तिलाई सामूहिक दायित्व तर्फ बलपूर्वक ब्याख्या विश्लेषण गरी धकेल्ने र त्यसैको आडमा सफाइ दिन मिल्दैन।यी प्रतिवादीको कसूरजन्य कार्य र भूमिकाबाट सरकारी जग्गा व्यक्ति विशेषको नाममा पुऱ्याउन अन्तर मन्त्रालय र सम्वन्धित भौतिक योजना तथा निर्माण मन्त्रालयका कर्मचारीहरुले तह तह टिप्पणी उठाई यी प्रतिवादीको निर्देशन बमोजिम यी प्रतिवादी समक्ष निर्णयार्थ पेश भएकोमा यी प्रतिवादीले आफूले निर्णय गरी सोही निर्णयका आधारमा प्रस्ताव तयार गरी मन्त्रिपरिषद्सम्म पुगेको तथ्यमा कुनै विवाद देखिदैन। विशेष अदालतले उक्त तथ्यलाई अन्यथा खण्डन गरेको अवस्था पनि छैन।अर्थात यीनै प्रतिवादीले ललिता निवासको सरकारी जग्गा व्यक्ति विशेषको नाममा पुग्न विभागीय

| क.स. | नाम | कसुर कायम |
|---|---|---|
| ८६ | हरीबोल आचार्य | भ्ष्ट्राचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) बमोजिमको कसुरमासोही ऐनको दफा ८(१) बमोजिम कुल बिगो रू ७,०८,४८०००।—को दामासाहीले जनही रू ४१,६७,५२९।४१(एकचालिसलाख सत्तसट्ठी हजार पाँचसय उनन्तिस रूपैयाँ एकचालिस पैसा) जरिवाना हुने तथा गुठी कायम भई नयाँ नापी बमोजिम हाल साविक गरी हक हस्तान्तरण समेत गरेको देखिएकोले सो जग्गाहरू नेपाल सरकारको नाउमा यथावत स्वामित्व कायम हुने गरी जफत हुने निज प्रतिबादीहरूको अन्य आरोप दावी पुग्न नसक्ने |
| ८७ | रामेश्वर बिडारी | |
| ८८ | सेवन्तराज चापागाई | |
| ८९ | हेमराज सुवेदी | |
| ९० | तेजराज पाण्डे | |
| ९१ | तुलसी पोखरेल | |
| ९२ | हरीप्रसाद जोशी | |
| ९३ | बलिराम प्रसाद तेली | |
| ९४ | दिलिम कुमार भट्ट | |
| ९५ | नवाराज पौडेल | |
| ९६ | जयप्रसाद रेग्मी | |
| ९७ | शैलेन्द्र पौडेल | |
| ९८ | फणिन्द्र प्रसाद दाहाल | |
| ९९ | मणिकुमार राना | |
| १०० | बद्रीबहादुर कार्की | |
| १०१ | लक्ष्मीनारायण उप्रेती | |
| १०२ | दिनेश प्रसाद शर्मा | |
| सफाई पाउने प्रतिबादीहरू | | |
| १०३ | दिनेश हरी अधिकारी | |
| १०४ | चन्द्रदेव जोशी | |
| मृत्यु भईसकेका प्रतिबादीको हकमा निजहरू उपर ठहर भएको कैद तथा जरिवानाको लगत राखी मुत्यु भएको कारणले लगत कट्टा हुने समेत ठहर गरी फैसला भएको अवस्था छ। | | |

| जग्गा जफत गरी अन्य मागदावी सफाई पाउने प्रतिबादीहरू | | |
|---|---|---|
| १ | रजनी पनेरू | जग्गाधनीको हैसियतमा जग्गा सट्टा पट्टा गर्ने जग्गा धनीहरू निजहरूको जग्गा ऐनको दफा ४७ बमोजिम जफत हुने र निजहरू उपरको अन्य आरोप दावी पुग्न नसक्ने |
| २ | उमा कुमारी ढकाल्नी | |
| ३ | माधवी सुबेदी | |
| ४ | डि.एल डेभलपर्स प्रा.लि. का संचालक कैलाशचन्द्र गोयल | |
| ५ | भाटभटेनी डेभलपर्स प्रा.ली. का तर्फबाट संचालक मीन बहादुर गुरूङ | |
| ६ | लक्ष्मी ढकाल | |
| ७ | चमेली श्रेष्ठ | |

मन्त्रीको उक्त निर्णय जिम्मेवार रहेको तथ्य फैसलामा स्वीकार गरिएको छ। तर सरकारी जग्गा जमिन तथा सम्पत्तिको हकभोग स्वामित्वका विषय र त्यस्तो हक भोग स्वामित्वको जग्गाको सट्टापट्टाको विवादको विषय यी विभागीय मन्त्रीको क्षेत्राधिकार बाहिरको विषय र भूमिसुधार तथा व्यवस्था मन्त्रालयको हो भन्ने कुरा निज प्रतिवादीलाई निर्णय गर्नु पहिले नै राम्रोसँग थाहा जानकारी छ। यसरी तथ्य आफैमा प्रष्ट छ। विषयको जानकारी भई जानी जानी गरेको विभागीय मन्त्रीको निर्णय सम्बन्धी काममा बदनियत देखिदैन भन्ने विशेष अदालतको फैसला सरासर त्रुटिपूर्ण छ। यी प्रतिवादीले गरेको निर्णयका प्रकृति,निर्णयमा संलग्नताको उद्देश्य,निर्णयले सरकारी सम्पत्तिमा पुगेको हानि नोक्सानीको मात्रा, त्यसको दुरगामी गंभिर असरका बारेमा फैसलाले उजागर गरे पनि सो संलग्नताका तरिका र त्यसको असरका विषयमा विभागीय मन्त्रीका हकमा पैसलामा प्रवेशनै गरेको देखिदैन। व्यक्तिगत तथा मन्त्रालयको विभागीय निर्णयबाट अपराधको प्रश्न सृजना भएमा सो हदसम्मको फौजदारी दायित्वमा मन्त्री जिम्मेवार हुनु पर्ने नपर्ने सम्बन्धमा बोलिएको छैन। मन्त्रीले आफ्नो निर्णय गर्नु पूर्व आफू समक्ष पेश हुन आएका प्रस्ताव उपर मन्त्रिपरिषद्मा पेश गर्नु पर्छ पर्दैन भन्ने तर्फ बोलिएको छैन।मन्त्रिपरिषद्को सदस्य हुनुनै भ्रष्टाचारजन्य फौजदारी कसूर उन्मुत्तिको कबच बनाउने आधार बन्ने बनाउने गरी भएको विशेष अदालतको फैसला सरासर त्रुटिपूर्णमात्र होइन राष्ट्र र नागरिक सबैका लागि दुर्भाग्य सावित हुन्छ।निर्णयको एकै सोपानमा रहेका निर्णयाधिकारीको समान भूमिका रहेकामा सो निर्णय उपर जवाफदेही हुनु पर्ने नपर्ने सम्बन्धमा बोलिएको छैन।भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २(घ) को राष्ट्रसेवकको परिभाषा र सोही दफाको खण्ड (च) मा उल्लिखित सजाय हुने कसुर गरेको व्यक्तिको कसुरको मात्रा निर्धारण गर्ने आधारका रुपमा रहेका नियत, योग्यता, ओहोदा र हैसियतका विषय र दफा ८(१)(ज) र दफा १७ को कानूनी व्यवस्थाको अवलम्बन र विश्लेषण गरिएको छैन। सर्बोच्च अदालतबाट बालकृष्ण न्यौपाने विरुद्ध मन्त्रिपरिषद सचिवालय समेत भएको उत्प्रेषण परमादेश समेतको रिट निवेदनमा (ने.का.प. २०५३नि.नं. ६२०५) प्रतिपादित नजिर सिद्धान्तका आधारमा कसुरजन्य कार्यबाट कसैले उन्मुक्ति नपाउनेमा उक्त नजिर सिद्धान्तको अवलम्बनमा त्रुटी रहेको छ।

- यी प्रतिबादीले मिति २०६६।१२।१९ गते मन्त्रिपरिषद्मा पेश गरेको प्रस्तावमा बिभागीय मन्त्री एवं उपप्रधानमन्त्रीको हैसियतमा मन्त्रालयको तर्फबाट निर्णय गरेको देखिन्छ।विशेष अदालत स्वयंबाट समेत कुनै न कुनै हदसम्म विभागीय मन्त्रीको संलग्नता देखिएको भनी फैसलामा उल्लेख छ। प्रतिबादी बिजयकुमार गच्छदारले ललिता निवास क्याम्पभित्रको साविक हाँडिगाउँ मौजा हा.नं. ४५६ को लगत भिडने सरकारले कानून बमोजिम अधिग्रहण गरी सम्बन्धित जग्गा धनीहरूलाई कानून बमोजिमको सुनवाईको मौका र उचित क्षतिपूर्ति समेत दिई प्राप्त गरी सरकारी स्वामित्वमा नै रहिरहेको सरकारी जग्गा र साविकदेखि नै बाटो तथा राजकूलोको रूपमा रहेका सरकारी,

| | | |
|---|---|---|
| ८ | बाबा कार्की | |
| ९ | अगम ढुंगना | |
| १० | खेमलाल खरेल | |

| मृत्यु भएका प्रतिबादीहरू | | | |
|---|---|---|---|
| १ | तुलसी पोखरेल(२०७०) | ४ | जगत प्रसाद पुडासैनी(२०७६) |
| २ | सुनिती राणा(२०७०) | ५ | शैलजा राणा(२०६१) |
| ३ | मुकुन्द्र प्रसाद आचार्य(२०७२ | ६ | हेमन शम्शेर ज.ब.रा.(२०६४) |

| ठहर खण्डमा उल्लेख नभई तपशिल खण्डमा मात्र सजाय उल्लेख गरेका प्रतिबादीहरू | | | |
|---|---|---|---|
| १ | बिल बहादुर महर्जन ( २ बर्ष कैद र बिगो रू ३,००,०००।- | ३ | संजय कुमार महर्जन ( २ बर्ष कैद र रू २७,३६,०००।— जरिवाना ) |
| २ | श्रीमती मोहन महर्जन ( २ बर्ष कैद र बिगो रू २,६२,०८,०००।- | ४ | सकुलानन्द महर्जन (२ बर्ष कैद र रू २७,३६,०००।— जरिवाना ) |
| | | | |

सार्बजनिक जग्गा अनाधिकृत व्यक्तिहरूलाई मोही कायम गरी सट्टा भर्ना दिने र सो जग्गामा उनाउ व्यक्तिहरुलाई मोही कायम गर्न गराउनको लागि मन्त्रिपरिषद्मा पेश गर्ने प्रयोजनको लागि गैरकानूनी रूपमा तयार गरिएको प्रस्ताव विभागीय मन्त्रीको हैसियतले स्वीकृत गर्ने कार्य गरेको देखिन्छ। प्रतिबादी बिजयकुमार गच्छदारले अनुसन्धानको बखत अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्रालयबाट भएका निर्णयहरूका सम्बन्धमा २०६५\०६६सालमा तयार भएको गुरूयोजना कार्यान्वयन गर्न मन्त्रिपरिषद्मा प्रस्ताव पठाउदा गरेको हस्ताक्षर मेरो हो, बिशिष्ट व्यक्तिहरूको निवास विस्तार गर्ने सम्बन्धमा तयार भएको गुरूयोजना लागू गर्नको लागि सचिवले तयार गरी पेस गरेको प्रस्ताव मन्त्रिपरिषद्मा लैजानको लागि स्वीकृत दिएको हुँ भन्ने समेत व्यहोराको बयान गरेको देखिन्छ। अदालतमा उपस्थित भई बयान गर्दा प्रकृयागत रूपमा टिप्पणी उठ्दै आएकोले सो टिप्पणी निर्णयको लागि मन्त्रिपरिषद्को नीतिगत निर्णयको आवश्यक रहेको देखिई मन्त्रिपरिषद्ले पेस गर्ने प्रयोजनको लागि मिति२०६६।१२।१९ मा टिप्पणी सदर गरेको हो (स.ज.१०) साथै मिति २०६७।०३।२ को त्रुटि संशोधन गर्न मन्त्रिपरिषद्मा लग्ने भनी टिप्पणी सदर गरेको (स.ज. ११) भनी बयान गरेपनि सरकारी सार्बजनिक जग्गामा मोही कायम गर्ने भन्ने निर्णय नीतिगत निर्णयको आडमा सरकारी जग्गा बितरण गर्ने सुनियोजित उद्देश्यले एकपटक निर्णय भईसकेको निर्णयलाई पुनः संशोधन गर्न दोस्रो पटक टिप्पणि सदर गरेको देखिदा प्रतिबादीको बद्नियत पुष्टि हुन आउछ। यस्ता बद्नियत तथ्य पुष्टि हुने प्रतिवादी विरुद्धका सबूद प्रमाणलाई विशेष अदालतबाट फैसला हुँदा गोलमटोल ब्याख्या विश्लेषण गरिएको छ।

- जग्गाको नापी नक्सा तथा स्वामित्व हस्तान्तरणको विषय तत्कालीन भूमिसुधार तथा व्यवस्था मन्त्रालयको रहेकोमा भौतिक योजना तथा निर्माण मन्त्रालयले क्षेत्राधिकार ग्रहण गरेको,पेश हुनु पूर्व प्रशासकीय अधिकारीले मन्त्री समक्ष प्रस्तावको विषय प्रस्तुतीकरण गर्ने, प्रस्तावबाट सरकारलाई आर्थिक,सामाजिक, कानूनी जस्ता विषयमा के कस्ता असर प्रभाव हुने भन्ने समेतको विश्लेषण हुने, यी प्रतिवादी विभागीय मन्त्रीको हैसियतले मन्त्रिपरिषद्लाई सो प्रस्तावको विषय सम्प्रेषण गर्ने हैसियत र जिम्मेवारीमा रहेको र निर्णयको रुपमा विभागीय प्रस्ताव उपर निर्णय गर्न मन्त्रिपरिषद्मा संलग्नताको भूमिका खेलेको देखिन्छ। अर्को तर्फ आपसी मिलेमतोमा मन्त्रालयका सचिवले पेश गरेको प्रस्तावलाई सदर गर्ने निर्णयकर्ताका रुपमा यी प्रतिवादी रहेका छन्। सोही हैसियतमा गरेको कार्यले मन्त्रिपरिषद्मा प्रस्ताव पेश हुनगई सरकारी जग्गा व्यक्तिका नाममा सट्टाभर्ना, सरकारी सार्वजनिक जग्गामा मोही कायम नहुने प्रकृतिको जग्गा उनाउ व्यक्तिहरुको नाउमा मोही कायम हुन गएको देखिन्छ। उक्त आपराधिक कार्य उपर विभागीय मन्त्री तथा मन्त्रालयको निर्णयवृक्ष (Decision Tree)को माथिल्लो श्रेणीमा रहेका पदाधिकारी यी प्रतिबादीलाई जिम्मेवार नबनाउने र अन्य प्रशासकीय अधिकारीलाई मात्र

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | जिम्मेवार गराउने हो भने फौजदारी न्याय प्रशासनको सिलसिलामा राज्यको सामान्य कानूनको प्रयोगमा असमान प्रयोग हुन जान्छ। यसले जनमानसमा राज्य र राज्यका सबै निकाय र पदाधिकारी प्रति वितृष्णा जाग्ने र समाज उथल पुथलको शिकार हुन पुग्ने कुरा फैसलामा हेक्का राखिएको छैन। नियमित फौजदारी दायित्व (Regular Criminal Liability)सम्बन्धी कानूनी व्यवस्था राज्यका सबै नागरिकप्रति समान रुपमा लागू हुन्छन्। यी प्रतिवादीले प्रथमतः विभागीय मन्त्रीको रुपमा र दोस्रो मन्त्रिपरिषद्को सदस्यको रुपमा दुई कानूनी व्यक्तित्व धारण गरेको अवस्था छ। दुई कानूनी व्यक्तित्वको फरक फरक जिम्मेवारी र जवाफदेहिता हुन्छ। मन्त्रालयको सामूहिक निर्णयकर्ता मध्ये प्रशासकीय अधिकारीको कार्यलाई अलग कसुर कायम गर्ने तर सोही निर्णय उपर मन्त्रीलाई उन्मुक्ति दिने कार्यसामूहिक जवाफदेहिताको सिद्धान्त प्रतिकूल समेत देखिन्छ। तसर्थ विभागीय मन्त्रीलाई नीतिगत निर्णयको अक्षुण्णताको संरक्षण हुन सक्ने सिद्धान्त,कानूनी आधार र कारण देखिदैन।<br>• मन्त्री मन्त्रालयको काम गर्दा निर्णयकर्ताको रुपमा रहेको,प्रस्तुत ललिता निवासको जग्गा एकिकरणका नाममा सरकारी जग्गा वितरण गर्ने निहित स्वार्थ बोकेको हुँदा मन्त्रीको व्यक्तिगत विषयमा आवद्धता रहेको, उक्त निर्णयबाट भ्रष्टाचार जस्ता गैरकानूनी आपराधिक कार्य भएको देखिएको,उक्त प्रस्तावमा जानी जानी पेश गरेको र दोस्रो पटक संशोधनका लागि समेत निर्णय गरी पेश गरेको देखिएको र मन्त्रिपरिषद्मा पेश गरेपछि नीतिगत निर्णयको आवरण दिई उन्मुक्ति पाउने ध्येय र उदेश्य राखी वदनियत चिताई प्रस्ताव पेश गर्ने निर्णयबाट समेत वदनियत थिएन भन्न सकिने अवस्था छैन। काम, आचरण, व्यवहार, त्यसको कार्यान्वयन, असर र प्रभावलाई हेर्दा सरकारी र सार्वजनिक जग्गाको रुपमा कायम भई रहेको जग्गा व्यक्ति विशेषमा हस्तान्तरण गर्ने प्रस्ताव र निर्णय आफैमा दुषित र कलुषित छ। नियतवश योग्यता, ओहोदा र हैसियतलाई दुरुपयोग गरी गरिएको अक्षम्य कसुरजन्य कार्यलाई क्षम्य करार गर्ने तथा कानूनको अज्ञानता क्षम्य हुदैन भन्ने कानूनको सर्वमान्य सिद्धान्त मन्त्रीलाई लागू हुदैन भन्ने भाष्यको उजागर भएको छ।<br>• सम्मानित सर्वोच्च अदालतबाट बालकृष्ण न्यौपाने विरुद्ध मन्त्रिपरिषद् सचिवालय समेत भएको उत्प्रेषण परमादेश समेतको रिट निवेदनमा (ने.का.प. २०५३नि.नं. ६२०५) फैसला आदेशमा"हाम्रो जस्तो बहुदलीय प्रजातान्त्रिक संवैधानिक व्यवस्थामा विभिन्न राजनीतिक दलले कुनै खास नीति वा राजनीतिक कार्यक्रम सहित सत्ताका लागि चुनावी प्रतिष्पर्धामा जनता समक्ष जानुपर्ने हुन्छ। निर्वाचनको परिणामबाट सरकार बनाउने स्थितिमा पुगेपछि सो दलले सोही नीति वा कार्यक्रमलाई लागू गर्नुपर्ने नैतिक कर्तव्य हुन्छ। त्यस्तो नीति वा कार्यक्रम लाई लागू गर्ने क्रममा मन्त्रिपरिषद्बाट नीतिगत निर्णयहरु गर्नुपर्ने सहज सामान्य प्रक्रिया भएको र त्यस्तो नीति गत निर्णयको औचित्य वा उपयुक्तता सम्बन्धमा नेपाल अधिराज्यको संविधान, २०४७ अन्तर्गत सार्वभौम जनताद्वारा सिद्धान्ततः दललाई बहुमत दिनुबाट नै मान्यता दिएको मान्नुपर्ने स्वभाविक देखिन्छ। तसर्थ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | मन्त्रिपरिषद्को नीतिको औचित्य वा उपयुक्तता सम्बन्धमा राजनीतिक दलहरुले आलोचना वा टिका टिप्पणी गरी जनताको विश्वासबाट सत्तामा रहेको दललाई सरकारबाट हटाउनु सिवाय अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्तो संवैधानिक निकायद्वारा त्यसको जाँच बुझ गराउने विकल्प रहेको देखिँदैन। नत यस्तो राजनीतिक कार्यक्रम जनसमक्ष ल्याई चुनाव लड्दादेखिनै बदनियत थियो भनी चुनावी घोषणापत्र भन्दा पहिलेको कुरामा त्यस प्रकारको अनुमानगरी त्यस्तो अनुमानको आधारमा मन्त्रिपरिषद्को नीतिगत निर्णयको जाँचबुझ हुनसक्ने सम्भावना नै रहन्छ। राजनीतिक प्रक्रियाबाट निरोपण हुनुपर्ने कुरा राजनीतिक प्रक्रियाबाटै हुनुपर्ने हुँदा मन्त्रिपरिषद् वा मन्त्रिपरिषद्को समितिमा सामूहिक रुपले गरिएको नीतिगत निर्णय हाम्रो प्रजातान्त्रिक संवैधानिक संरचनाको परिप्रेक्ष्यमा स्वतःआयोगले जाँचबुझ तहकिकात गर्ने विषयमा नपर्ने प्रकृतिको हुँदा विवादित कानूनमा उल्लेख भए वा नभएको जे भएपनि स्वतः आयोगको क्षेत्राधिकार बाहिर रहने हुँदा असंवैधानिक भन्न मिलेन। मन्त्रिपरिषद् वा त्यसको कुनै समितिले सामूहिक रुपमा गरेको नीतिगत निर्णय बाहेक त्यस्तो निर्णय कार्यान्वयन प्रक्रियामा, अथवा सामूहिक रुपमा नगरिएको कुनै मन्त्रीले र मन्त्रिपरिषद्को नीतिगत निर्णय र कुनै मन्त्रीले अपनाएको विभागीय नीति वा निर्णय सम्बन्धमा पक्षपात, लापरवाही, मोलाहिजा, स्वेच्छाचारीता, वेवास्ता, ढिलासुस्ती अक्षमता इत्यादि अख्तियार दुरुपयोगको विषयमा चाहि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मन्त्रिपरिषद्को सदस्य उपर कारवाही चलाउन दफा ४ को उपदफा (४) को व्यवस्थाले बाधा नदिने हुँदा अरु विवेचना गर्नु परेन। "उक्त निर्णयाधार निम्न बमोजिम बुँदामा उल्लेख गरिएको छः-मन्त्रिपरिषद् वा त्यसको कुनै समितिले सामूहिक रुपमा गरेको नीतिगत निर्णय बाहेक,<br>•त्यस्तो निर्णय कार्यान्वयन प्रक्रियामा, कुनै मन्त्रीको एकल निर्णय (सामूहिक रुपमा नगरिएको), कुनै मन्त्रीले अपनाएको विभागीय नीति वा निर्णय सम्बन्धमा,<br>•पक्षपात लापरवाही मोलाहिजा स्वेच्छाचारिता बेवास्ता अक्षमता इत्यादी अख्तियार दुरुपयोगको विषयमा,आयोगले मन्त्रिपरिषद्को सदस्य उपर कारवाही चलाउन दफा ४ को उपदफा (४) को व्यवस्थाले वाधा नदिने।<br>•उक्त नजिर सिद्धान्तले मन्त्रिपरिषद्ले सामूहिक रुपमा गरेको नीतिगत निर्णय बाहेक कुनै विभागीय मन्त्रीले एकल निर्णयमा भ्रष्टाचारको छानविन गर्न वाधा नपर्ने भनिएको छ। यी प्रतिबादी बिजयकुमार गच्छेदार उपर मन्त्रिपरिषद्बाट गरिएको निर्णयबाट भएको हानि नोक्सानीका आधारमा निज उपर अभियोजन गरिएको नभई निजले एकल बिभागीय मन्त्रीको हैसियतले मन्त्रिपरिषद्मा पेश गर्नु पूर्बको प्रस्तावलाई स्वीकार गरी मन्त्रालयगत निर्णयमा गरे भएका काम कारवाही एवं दिईएको निर्देशनको आधारमा अभियोजन गरिएको हो। बिभागीय मन्त्रीबाट उक्त कार्य गरे भएको भन्ने प्रष्ट देखिन्छ। यसरी प्रतिबादीहरूको एक आपसमा नियोजित योजना अनुरुप प्रतिवादीहरुको सामूहिक मिलोमतोमा मन्त्रिपरिषद्मा प्रस्ताव पुऱ्याई सोको आडमा कसुरबाट उन्मुक्ति पाउन सकिने उद्देश्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | राखी कर्मचारीबाट प्रस्ताव पेश गर्न लगाई सोही प्रस्तावलाई बिभागीय मन्त्रीको हैसियतमा यी प्रतिबादीले स्वीकृत दिए पश्चात नै उक्त प्रस्ताव कर्मचारीले अर्थात सचिवले उक्त प्रस्ताव मन्त्रिपरिषद्मा पेश गरी मन्त्रिपरिषद्बाट स्वीकृत गराई सरकारी जग्गा हिनामिना गरेको पुष्टि हुँदा हुँदै मन्त्रिपरिषद्को सदस्यको रूपमा रहेको भनी गलत अर्थ लगाई कर्मचारीलाई मात्र जिम्मेवार बनाई राजनीतिज्ञलाई उन्मुक्ति दिने गरी भएको विशेष अदालतको फैसला देहायका दृष्टान्त समेतका आधारमा बदरभागी छ।<br>• बेलायतमा मन्त्रीका रुपमा रहेका Jonathan Aitken (1999) लाई Saudi Arms deals मा संलग्न भएको विषयमा निजले तत्काल झुठा तर्क गरेका आधारमा Perjury and perverting the course of justice को मुद्दामा अभियोजन भएकोमा निजलाई१९९९ मा ठहर हुँदा १८ महिना कैद भएको थियो। )स्रोत:The Guardian, Tue 8 Jun 1999, 16.44 BST, 4.45 PM Update) ।<br>• भारतमा लालु यादव विहारको मुख्यमन्त्री हुँदा Cattle Fodder मा सरकारी कोष दुरुपयोग गरेका आरोपमा अभियोजन भएकोमा २०१३ मा RailwayMinister हुँदा ५ वर्ष कैद सजाय भएको थियो।<br>• भारतमा २०१७ मा प्रधानमन्त्री मनमोहन सिंहको Cabinet मा A RajaTelecom Minister रहेका थिए। निजले जिम्मेवार मन्त्रीको हैसियतमा हुँदा 2G Spectrum Licences वितरण गर्दा बजार भाउ भन्दा कममा दिएका थिए। यो निर्णय Cabinetlevel बाट पनि भएको थियो। यसबाट Exchequer लाई Massive loss भएको थियो। मन्त्रीलाई Corruption and Conspiracy मा अभियोजन भएकोमा पछि प्रमाणको अभावमा निजलाई सफाई दिएको देखिन्छ।<br>• भारतमा P. Chidambaram (2019) Finance Minister हुँदाINX Media लाई विदेशी लगानी स्वीकृत गरेका सो स्वीकृति Cabinet Level Financial Approvals बाट पनि भएको थियो। सो वापत घुस लिएका थिए। Corruption and Money Laundering case को आरोपमा अभियोजन भएकोमा हालसम्म सुनुवाईको क्रममा रहेको देखिन्छ।<br>• यी उल्लिखित आधारमा मन्त्रीको भूमिका र Cabinet Member को भूमिका फरक गरी फौजदारी कसुरमा अभियोजन भएको पाइन्छ। नीतिगत निर्णयको अक्षुण्णताको संरक्षण शुद्ध नीतिगत निर्णयमा मात्र नकी फौजदारी कसुरमा भन्ने स्पष्ट हुन्छ।<br>• यस्तै प्रतिवादी विजय कुमार गच्छदारले अदालत समक्ष बयान गर्दा प्रधानमन्त्री निवास परिसरको व्यवस्थाका लागि सरकारी जग्गा र अन्य प्रकारको जग्गा व्यवस्थित बनाउने कार्य भौतिक योजना तथा निर्माण मन्त्रालयले गर्ने भनी उल्लेख भएको भनी सवाल जवाफ १० मा उल्लेख गरेको जिकिरको वैधानिक आधार देखिदैन। मन्त्रिपरिषद्को कार्य सम्पादन नियमावली, २०६४ बमोजिम जग्गाको हक स्वामित्व परिवर्तन गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा लैजाने क्षेत्राधिकार भौतिक योजना तथा निर्माण मन्त्रालयको कार्यक्षेत्र नहुँदा नहुँदै बदनियत पूर्वक एवं बल पूर्वक अन्य मन्त्रालयबाट जग्गाको फायल झिकाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | त्यसमा टिप्पणी उठाउने र प्रस्ताब बनाउने काम गरे भएको कुरामा कुनै विवाद देखिदैन। एउटै कसुर गर्ने एक व्यक्ति उच्च पदस्थ भएको कारणले सफाई पाउने आधार बन्ने र अर्को सोही कसुर गर्ने व्यक्ति तल्लो पदसोपानको भएको कारणले दोषी करार हुने आधार बन्ने गरी कानूनको ब्याख्या हुन सक्तैन। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तब्य र अधिकारको प्रत्याभूत गर्ने नेपालको संविधानको धारा २३९ मा संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानूनले छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारी बाहेक सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा सम्लग्न अन्य व्यक्ति उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्ने गरी आयोगको क्षेत्राधिकार स्पष्ट गरेको अवस्था छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ को कानूनी व्यवस्था हेर्दा व्यवस्थापिका संसद वा त्यसको समिति, नेपाल सरकार वा प्रदेश सरकार मन्त्रिपरिषद् वा त्यसको कुनै समितिले सामूहिक रुपमा गरेको कुनै नीतिगत निर्णय र अदालतको न्यायिक काम कारवाहीका सम्बन्धमा आयोगले अनुसन्धान र अभियोजनको निर्णय नगर्ने गरी आयोगको क्षेत्राधिकार स्पष्ट गरेको अवस्था छ।<br>• प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा; नेपाल सरकार मन्त्रिपरिषद्का सबै सदस्यले सामूहिक रुपमा नियोजित तवरले बदनियतपूर्वक यो यस प्रकारको भूमिका निभाई ललिता निवास क्षेत्रको उल्लिखित सरकारी जग्गा व्यक्ति विशेषको नाममा दर्ता गरी गराई तथा हक हस्तान्तरण गरी गराई गैरकानूनी ब्यक्तिगत लाभ लिने उद्देश्यले नेपाल सरकार मन्त्रिपरिषद्बाट सामूहिक निर्णय गरे गराएको भन्ने कुरा अनुसन्धानबाट संकलित सवूद प्रमाणबाट उजागर हुन सकेको देखिदैन। यसको अर्थ नेपाल सरकार मन्त्रिपरिषद्को सदस्य हुनुनै सर्वखत क्षम्य हुनु भन्ने हुन सक्तैन। नेपाल सरकार मन्त्रिपरिषद्का सदस्य मध्ये जो जुन सदस्यको त्यस प्रकारको फौजदारी कसुरमा सम्लग्नता देखिन्छ, सोही ब्यक्ति सजायको भागिदार हुनु पर्ने फौजदारी कानूनको सिद्धान्त हो। कसुर गर्ने व्यक्तिले अन्य व्यक्ति पनि आफू सरह कसुरदार ठहर हुनु पर्छ वा अरु व्यक्तिले पनि दण्ड पाउनु पर्छ भन्ने निजको जिकिरले कसुर गर्ने व्यक्तिको हकमा निजको त्यस प्रकारको तर्क सफाइको आधार बन्न सक्तैन। मन्त्रिपरिषद्को सदस्य मध्ये सवूद प्रमाणबाट जो जो व्यक्ति कसुरमा सम्लग्न भएको पुष्टी हुन्छ त्यो त्यो व्यक्ति दण्डित हुनु पर्छ। मन्त्रिपरिषद्को सदस्य मध्ये जो जो व्यक्ति कसुरमा सम्लग्न भई निर्णय गर्न गराउन नियोजित तवरले झुट्टा तथ्य ब्यहोरा उल्लेख गरी प्रस्ताव तयार गरी गराई नेपाल सरकार मन्त्रिपरिषद्बाट बदनियतपूर्वक गैरकानूनी ब्यक्तिगत लाभ लिई तथा लिने उद्देश्यले नेपाल सरकार मन्त्रिपरिषद्बाट सामूहिक निर्णय गरे गराएको भन्ने कुरा अनुसन्धानबाट संकलित सवूद प्रमाणबाट उजागर भएको अवस्थामा नेपाल सरकार मन्त्रिपरिषद्को कोही ब्यक्ति सदस्य भएकै नाताले मात्र फौजदारी कसुर र सोको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | दण्डको दायित्वबाट प्रचलित नेपालको संविधान तथा अन्य कुनै कानूनबाट उन्मुक्ति पाउन कदापी सक्तैन। नीतिगत निर्णय र नीतिगत निर्णयका नाममा हुने भ्रष्टाचारलाई अलग अलग तवरले हेरिनु पर्ने कुरा यसरी (A "policy decision" is a choice made by a governing body based on considered analysis and the public interest, while "policy corruption" occurs when a policy decision is influenced by personal gain, bribery, or undue influence, essentially prioritizing private interests over the public good, often through manipulation or abuse of power by decision-makers.)प्रष्टयाईको पाइन्छ ।<br>• प्रस्तुत मुद्दाका प्रतिवादी विजय कुमार गच्छदार, डम्बर श्रेष्ठ,दुबै जनाले विभागीय मन्त्रीले पेश गर्ने प्रस्ताव आ-आफ्नो कार्यकालमा मन्त्रिपरिषद्मा पेश गरेको र उक्त प्रस्ताव मन्त्रिपरिषद्ले स्वीकृत गरी निर्णय गरेकोले आफ्नो कुनै दायित्व र जिम्मेवारी नहुने अर्थ गरी बयान गरेको देखिन्छ। भ्रष्टाचार जस्तो फौजदारी कसुरको दण्डनीय दायित्व हुने कसुर गर्ने पदाधिकारीलाई मन्त्रिपरिषद्को निर्णयलाई नीतिगत निर्णयको आवरणमा कसुर ढाकछोप हुन सक्तैन मिति २०२१।८।१७ को नेपाल राजपत्रमा प्रकाशित ललिता निवासको चार किल्ला भित्रको नेपाल सरकारले रीतपूर्वक प्राप्ति गरेको (जग्गा धनीलाई प्रचलित मूल्य बराबरको क्षतिपूर्ति रकम दिई खरिद प्राप्ति गरेको) जग्गा हो भन्ने कुरा जानी जानी व्यक्ति विशेषको नाममा दुषित दर्ता गर्ने गराउने, त्यस्तो दुषित दर्ताको जग्गा हकहस्तान्तरण गर्ने गराउने,दुषित दर्ताको जग्गा सट्टा पट्टा गर्ने गराउने कसुरजन्य कार्यको निर्णय मन्त्रिपरिषद्बाट गराई नीतिगत निर्णयको आवरणमा आँफू तथा व्यक्ति विशेषलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैर कानूनी हानिनोक्सानी एवं सरकारी जग्गा दुरुपयोग हिनामिना हुने गरी मन्त्रिपरिषद्मा प्रस्ताव पुऱ्याई निर्णय गर्ने गराउने प्रतिवादीहरु विजय कुमार गच्छदार, डम्बर श्रेष्ठ समेतका प्रतिबादीले गरेका कसुरजन्य कार्यलाई कुनै हालतमा नीतिगत निर्णय भन्न मिल्ने देखिदैन<br>• प्रस्तुत मुद्दाका प्रतिवादी विजय कुमार गच्छदार, डम्बर श्रेष्ठ, दुबै जनाको कसुरजन्य कार्यका तथ्य तर्फ हेर्दा ललिता निवास क्याम्प भित्रको सरकारी जग्गा हो भन्ने जान्दा जान्दै यसै मुद्दाका प्रतिवादीहरु जो दुषित जग्गा दर्ता तथा हकहस्तान्तरण गर्ने गराउने, दुषित दर्ता तथा हकहस्तान्तरण भएका उल्लिखित जग्गाको सट्टा पट्टा दिने तथा गर्ने गराउने, दुषित जग्गा दर्ता तथा हकहस्तान्तरण गर्ने गराउने कसुरमा सम्लग्न व्यक्तिहरुलाई गैर कानूनी लाभ दिई लिई सरकारी जग्गा दुरुपयोग तथा हानि नोक्सानीपुऱ्याउने उद्देश्यले जानी बुझी प्रस्ताव तयार गरी गराई गर्न लगाई त्यस्तो प्रस्ताव आँफूले स्वीकृत गरी मन्त्रिपरिषद्को नीतिगत निर्णयको आवरण लगाउन र सोही आधारमा कसुरबाट उन्मुक्ति लिन सो प्रस्ताव मन्त्रिपरिषद्मा पुऱ्याई निर्णय गरे गराएको प्रष्टै देखिएको छ। सम्मानित सर्वोच्च अदालतबाट मिति २०८०।०४।२१ मा रिट निवेदक योगराज पौडेलको हकमा पत्नी श्रृजना सिन्धु विरुद्ध नेपाल प्रहरी, प्रधान कार्यालय केन्द्रिय अनुसन्धान व्युरो, महाराजगञ्ज, काठमाडौसमेत भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा (080-WH-0015)सर्वोच्च अदालत, संयुक्त इजलासका माननीय न्यायाधीश श्री अनिल कुमार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सिन्हा र माननीय न्यायाधीश डा. श्री कुमार चुडालबाट आदेश हुँदा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय तथा निर्णय प्रमाणित गरी कार्यान्वयन तहमा प्रत्यक्ष रुपमा संलग्न हुनेहरु, मन्त्रालयस्तरमा सो निर्णय गर्न किटानी प्रस्ताव पेश गर्ने वा प्रस्तावमा संलग्न माथिल्लो तहको पदाधिकारी वा अधिकारीको पदसोपान (अनुसन्धानकर्ताको सवाल बमोजिमको "पिरामिड" को माथिल्लो तह) मन्त्रिपरिषद्का माथिल्लो तहका पदाधिकारी सदस्यहरुको समेत अनुसन्धान अभियोजन गर्न गराउन आदेश भएको देखिन्छ। सम्मानित सर्वोच्च अदालतको उक्त आदेश हेर्दा;“मिति २०२१।८।१७ को नेपाल राजपत्रमा प्रकाशित ललिता निवासको चार किल्ला भित्रको नेपाल सरकारको जग्गा सँगठित कसुर गरी व्यक्तिको नाममा दर्ता दाखिल खारेज नामसारी समेतको कार्यको सम्बन्धमा अनुसन्धान तहकिकात भइरहेको विषय अवश्यमेव आम सार्वजनिक चासो भएको सम्बन्धमा विवाद देखिँदैन। तसर्थ, निःसन्देह यस्ता विषयमा हुने अनुसन्धान अभियोजन न्याय सम्पादन समेतका कार्य भरपुर जनविश्वास प्राप्त गर्ने गरी स्वतन्त्र र सक्षमता साथ पक्षपात रहित तवरबाट सम्पन्न हुनुपर्ने हुन्छ। अन्यथा अन्ततत्वोगत्वा आम जनमानसमा न्याय प्रणाली माथिको भरोसा नै समाप्त भई सामाजिक जीवनका बहुआयामिक धरोहरहरु टुट्न जाने अवस्था रहन्छ। प्रस्तुत अनुसन्धानको सम्बन्धमा अनुसन्धानकर्ताबाट विभिन्न प्रतिवादीहरुलाई सोधिएको प्रश्नहरुमा पनि “ललिता निवास क्याम्पभित्रको सरकारी जग्गा संरक्षण गर्ने दायित्व भएका पदाधिकारी कर्मचारीहरुबाटै झुट्टो र किर्ते समेतको फरक व्यहोराको प्रस्ताव पेश गरी विचौलियाहरु समेतको मिलोमतोमा कानूनको दुरुपयोग गरी बदनियतपूर्वक राज्यलाई हानि हुने र व्यक्ति विशेषलाई फाइदा हुने गरि अपराधिक सँगठन बनाई सँगठित भई अपराध गर्नको लागि पिरामिड शैलीमा तह-तह जिम्मेवारीहरु बाँडफाँड गरी उक्त सरकारी जग्गा हिनामिना गरी दुरुपयोग गरेको" भनी भएका प्रश्नावली सवाल जवाफ समेतबाट पिरामिड शैलीमा प्रस्तुत वारदात भएको भन्ने आशंका देखाई अनुसन्धान हुँदै आएको देखिन आउछ। साथै प्रस्तुत अनुसन्धान सँगठित अपराधका रुपमा समेत रिट निवेदकहरु उपर थुनामा राखी अनुसन्धान गर्ने गरी म्याद थप भएको देखिन आउँछ। तथापी मिसिल संलग्न कागजातबाट पिरामीड शैलीमा अनुसन्धान भईरहेको विश्वास गर्नु पर्ने कारण, आधार एंव पूर्ण निष्पक्षता भन्ने देखिन आएन।अनुसन्धानकर्ताले कुनै पद वा शक्तिको दवाव वा प्रभावमा परि अनुसन्धान लम्ब्याउने वा अनुसन्धानको नाममा निश्चित तहका कर्मचारीहरुलाई मात्र दायरामा ल्याई अनुसन्धान कै नाममा लामो समय थुनामा राख्नुलाई न्यायोचित मान्न सकिदैन। थुनामा राख्न पर्ने अपरिहार्यता प्रस्तुत गर्नु अनुसन्धानकर्ताको कर्तव्य पनि हो।<br>• यस्तो स्थितिमा यस अदालतमा पटक पटक परेको रिट निवेदनहरु एवम् मिसिल संलग्न कागजात हेर्दा माथि प्रकरणहरुमा उल्लेख गरिए झैं भइरहेको अनुसन्धान तहकिकातको कार्य अवस्था जो जसको निर्णय एवम् निर्णय प्रकृयाले नेपाल सरकारको जग्गा व्यक्तिका नाममा गएको छ त्यस्ता निर्णयाधिकारी, पदाधिकारी अनुसन्धानको दायरामा रहेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | विश्वस्त हुन सकिने नदेखिएको तथा अह्राएको काम गर्ने स्तरका कर्मचारी एवम् सम्पत्ति लगानी गरी जग्गा खरीद गर्नेहरु समेततर्फ अनुसन्धान बढी केन्द्रित भएको अवस्था देखिँदा समग्र न्याय प्रणाली प्रतिको आम विश्वासको जोखिमतालाई मध्यनजर गर्दै प्रस्तुत सँगठित अपराधका विषयमा योजनाबद्ध रुपमा एंव पूर्व तयारीमा संलग्न व्यक्तिहरु समेत माथि प्रकरण प्रकरणमा उल्लेख भएबमोजिम मिति २०२१।८।१७ मा प्रकाशित नेपाल राजपत्रको सूचना बमोजिमको नेपाल सरकारको नामको ललिता निवासको जग्गा व्यक्ति विशेषका नाममा नामसारी दाखिल खारेज दर्ता वा मोही कायम हुने गरी मिति २०६६।१२।२९ र मिति २०६७।१।३१, मिति २०६७।४।२८ तथा मिति २०६९।६।१८ को नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय तथा निर्णय प्रमाणित गरी कार्यान्वियन तहमा प्रत्यक्ष रुपमा संलग्न हुनेहरु, मन्त्रालयस्तरमा सो निर्णय गर्न किटानी प्रस्ताव पेश गर्ने वा प्रस्तावमा संलग्न माथिल्लो तहको पदाधिकारी वा अधिकारीको पदसोपान (अनुसन्धानकर्ताको सवाल बमोजिमको "पिरामिड" को माथिल्लो तह) बाटसमेत गरी अब उप्रान्तको थप अनुसन्धान कार्य अविलम्ब सम्पन्न गर्नु गराउनु भनी प्रत्यर्थीहरुका नाममा नेपालको संविधानको धारा १३३ को उपधारा (३) बमोजिम यो आदेश जारी गरिदिएको छ।“भन्ने आदेश भएको देखिन्छ।<br>• यसरी प्रतिबादीहरूको सामूहिक मिलोमतोमा मन्त्रिपरिषद्को आडमा कसुरबाट उन्मुक्ति पाउन सकिने आडमा कर्मचारीबाट प्रस्ताव पेश गर्न लगाई सोही प्रस्तावलाई बिभागीय मन्त्रीको हैसियतमा यी प्रतिबादीले स्वीकृत दिए पश्चात नै उक्त प्रस्ताव कर्मचारीले अर्थात सचिवले उक्त प्रस्ताव मन्त्रिपरिषद्मा पेश गरी मन्त्रिपरिषद्बाट स्वीकृत गराई सरकारी जग्गा हिनामिना गरेको पुष्टि हुँदा हुँदै मन्त्रिपरिषद्को सदस्यको रूपमा रहेको भनी गलत अर्थ लगाई कर्मचारीलाई मात्र जिम्मेवार बनाई राजनीतिज्ञलाई उन्मुक्ति दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ।<br>• प्रतिबादी डम्बर श्रेष्ठको हकमा हेर्दा -प्रतिबादी डम्बर श्रेष्ठलाई बिगो रू ९,६५,७६,०००।— कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदपा (१) र सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ) र दफा २४ बमोजिमको सजाय गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा १७ बमोजिम बिगो असुल उपर\जफत हुन समेतको माग दावी लिई आरोप पत्र दायर गरिएको छ।प्रतिबादी डम्बर श्रेष्ठ भूमिसुधार तथा व्यस्था मन्त्रालयको बिभागीय मन्त्री रहेको देखिन्छ। प्रतिबादी डम्बर श्रेष्ठले ललिता निवास क्याम्पभित्रको साविक हाँडिगाउँ मौजा हा.नं. ४५६ को लगत भिड्ने सरकारले कानून बमोजिम अधिग्रहण गरी सम्बन्धित जग्गा धनीहरूलाई कानून बमोजिमको सुनुवाईको मौका र उचित क्षतिपूर्ति समेत दिई प्राप्त गरी सरकारी स्वामित्वमा नै रहिरहेको सरकारी र साविकदेखि नै बाटो तथा राजकूलोको रूपमा रहेका १९-१५-१-२ रोपनी जग्गा सरकारी, सार्बजनिक जग्गा अनाधिकृत व्यक्तिहरूलाई मोही |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कायम गरी सट्टा भर्ना दिने र सो जग्गामा उनाउ व्यक्ति तथा संस्थाहरूलाई मोही कायम गर्न गराउनको लागि मन्त्रिपरिषद्मा पेश गर्ने प्रयोजनको लागि गैरकानूनी रूपमा तयार गरिएको प्रस्ताव बिभागीय मन्त्रीको हैसियतले मिति २०६७।१।२७ मा स्वीकृत जनाएको देखिन्छ।श्री बिशेष अदालतबाट फैसला गर्दा प्रतिबादी डम्बर श्रेष्ठले मुख्य सचिवले जाँची पेश गरेको प्रस्तावलाई मन्त्रिपरिद्मा पेश गर्न स्वीकृति दिएको भन्ने उल्लेख गरेको देखिन्छ।सार्वजनिक नीति भन्नाले संविधानको प्रस्तावनाको उद्देश्य मुखरित गर्न, संविधान द्वारा प्रत्याभूत आम नागरिक तथा व्यक्तिका मौलिक हकको संरक्षण र प्रभावकारी कार्यान्वयन गर्न, संविधानले निर्देशित गरेका राज्यका निर्देशक सिद्धान्तहरुको प्रभावकारी कार्यान्वयन गर्न, संविधानमा उल्लेख गरिएका राज्यका नीतिहरुको प्रभावकारी कार्यान्वयन गर्न सरकार र यसका अंगहरुले संचालन गर्ने आम नागरिक तथा सबै व्यक्तिहरुको हित, सुविधा, अमनचैन, विकास, समृद्धि, खुशी तथा चासो र सरोकारको विषयका योजना, आयोजना, कार्यक्रम, कार्यनीति, रणनीति समेतका विषय सन्दर्भ समेटिएको नेपाल सरकार वा प्रदेश सरकारको मन्त्रिपरिषद् वा त्यसको समितिको निर्णयनै नीतिगत निर्णय हो भन्ने कुरामा विवाद हुँदैन। अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ को कानूनी व्यवस्था हेर्दा; नेपाल सरकार वा प्रदेश सरकार मन्त्रिपरिषद् वा त्यसको कुनै समितिले सामूहिक रुपमा गरेको कुनै नीतिगत निर्णय भन्नाले माथि उल्लिखित विषयमा भए गरेको निर्णय भन्ने बुझिन्छ। यसको अर्थ मन्त्रिपरिषद्का जुनसुकै वा सबै निर्णयहरु नीतिगत निर्णय हुन सक्तैनन् भन्ने बुझिन्छ। किनकी मन्त्रिपरिषद् वा त्यसको कुनै समितिका जुनसुकै वा सबै निर्णयहरु अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार बाहिर पार्ने विधायिकाको मनसाय भएको भए नेपाल सरकार वा प्रदेश सरकार मन्त्रिपरिषद् वा त्यसको कुनै समितिका निर्णय भनी उल्लेख गरिने थियो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार बाहिर पारिएको विषय भनेको "कुनै नीतिगत निर्णय"मात्र हो भन्ने तथ्यमा विवाद देखिदैन। मन्त्रिपरिषद्का अन्य सबै निर्णयलाई बाहेक गर्नुको अर्थ नै वृहत्तर जनताको हितमा सरकारले गरेको निर्णय बाहेक नेपाल सरकार वा प्रदेश सरकार मन्त्रिपरिषद् वा त्यसको कुनै समितिले गरेका अन्य निर्णय नीतिगत हुँदैनन् भन्नेनै हो। यसैगरी नीतिगत निर्णय के हो र के होइन भन्ने कुराको प्राज्ञिक वहस र तर्कका विषयमा अध्ययन गर्दा विभिन्न विद्वानहरुको अलग अलग शब्दमा परिभाषा देखिएपनि कुनै व्यक्ति वा व्यक्तिहरुको निश्चित समूहलाई निहित लाभ पुर्याउने नियोजित उद्देश्यले हुने सरकारको निर्णय भित्र नीतिगत निर्णयको आवरण लगाउन नहुने अभिमत व्यक्त गरेको पाइन्छ। सर्वसाधरणलाई समान रूपमा लागू नहुने र सार्बजनिक रूपमा घोषणा भएको नीतिको प्रतिकुल हुने गरी गरिएको निर्णय नीतिगत मानिने छैन जुनसुकै प्रस्ताव पनि मन्त्रिपरिषद्मा पुर्याएर निर्णय गराउने प्रबृति रोक्न जरूरी रहेको छ। तल्लो तहमा गर्न सक्ने निर्णयहरू समेत मन्त्रिपरिषद्मा लैजाने र नीतिगत भनेर निर्णय गराउने परिपाटी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | बढी नै रहेको, आफुलाई प्राप्त अधिकार भन्दा बढी अधिकार प्रयोग गरेको वा कानून बमोजिम पालना गर्नुपर्ने प्रकृयाको पालना नगरी निर्णय गरेको वा अधिकारको बदनियतपूर्ण प्रयोग वा दुरूपयोग गरे गराएको विषय स्वयंमा बदनियत देखिन्छ।<br>• यी प्रतिबादीलाई मिति २०६७।१।३१ को मन्त्रिपरिषद्को सामूहिक निर्णयको हस्ताक्षर कर्ता रहेको अर्थ लगाई उन्मुक्ति दिएको देखिन्छ। जवकि मिति २०६७।१।३१ को मन्त्रिपरिषद्को निर्णयको कारक व्यक्ति यी प्रतिबादी रहेकोमा विवाद देखिदैन। अर्थात मिति २०६७।०१।२७ को मन्त्रिपरिषद्मा पेश हुने प्रस्ताव स्वीकृत गरी मन्त्रिपरिषद्मा पेश गर्न स्वीकृत गरेको कारण नै उक्त निर्णय भएको देखिन्छ। मन्त्रिपरिषद्मा पेश गर्ने प्रस्ताव तयार गर्ने र उक्त प्रस्ताव कार्यान्वयन गर्ने कर्मचारीको बदनियत पुष्टि भई कसूर ठहर तथा सजाय हुने, जुन प्रस्तावको स्वीकृत गर्ने व्यक्ति राजनीतिक व्यक्ति भएको कारणले कसुरबाट उन्मुक्ति पाउने भनी यी प्रतिबादीलाई सफाई दिन मिल्ने होईन। प्रतिबादी डम्बर श्रेष्ठले मिति २०६७।१।२७ मा तयार गरेको प्रस्तावलाई स्वीकृत दिएको कारण नै उक्त निर्णय भएको देखिन्छ। प्रतिबादी डम्बर श्रेष्ठलाई मन्त्रिपरिषद्को सामूहिक निर्णयमा सहभागिता भएको कारणले अभियोजन गरिएको होईन,निजको बिभागीय मन्त्रीको हैसियतले गरेको निर्णयले सरकारी सम्पत्ति हानिनोक्सानी तथा सरकारी जग्गामा उनाउ व्यक्तिलाई मोही कायम तथा सट्टापट्टाको माध्यमबाट सरकारी सम्पत्तिको दुरूपयोग भएको पुष्टि भएको आधारमा अभियोजन गरिएको हो। सम्मानित बिशेष अदालतबाट ने.का.प.२०५३ नि.नं.६२०५मा प्रतिपादित सिद्धान्तको यी प्रतिबादीका हकमा गलत अर्थ लगाई फैसला गरेको देखिन्छ। उक्त नजिरले मन्त्रिपरिषद्को सामूहिक रूपमा गरेको नीतिगत निर्णय बाहेक कुनै विभागीय मन्त्रीले एकल रुपमा गरेको निर्णयबाट भ्रष्टाचार देखिएमा भ्रष्टाचारको कसूरमा छानबिन गर्न बाधा नपर्ने भनिएको हो।प्रस्तुत मुद्दामा मन्त्रिपरिषद्को सामूहिक निर्णयको आधारमा अभियोजन गरेको नभई बिभागीय मन्त्रीको हैसियतले गरेको निर्णयलाई नै मुख्य आधार लिई गरेको देखिन्छ।प्रतिबादी डम्बर श्रेष्ठले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा जग्गा प्रशासन शाखाका उपसचिव हुपेन्द्रमणि के.सी.द्धारा तयार गरिएको प्रस्ताव भूमिसुधार विभाग हुँदै मन्त्रालयमा आएपछि मन्त्रालयका सचिव छविराज पन्तले मन्त्रिपरिषद्मा प्रस्ताव लान मनासिव देखि निर्णयार्थ पेश गरेको प्रस्तावलाई मैले सदर गरेको र सही मेरै हो भनी आफूले गरेको कसूरजन्य कार्यका तथ्य स्वीकार गरेको देखिएको छ। ललितानिवास जग्गा नेपाल सरकारको सम्पत्ति हो। एउटा सरकारले गरेको गलत निर्णयलाई उल्टाई सरकारी सम्पत्तिको रक्षा होस भन्ने समेत व्यहोराको निजको बयानले निजहरुले जानी बुझी कसूर गरेको तर त्यो अब अनुसन्धान अभियोजनबाट सच्याईयोस भनी बयान गरेबाट समेत ललितानिवास जग्गा व्यक्ति विशेषको नाममा मोही कायम गर्न समेत यी प्रतिबादी डम्बर श्रेष्ठको संलग्नता रहेको पुष्टि हुन्छ। तसर्थ बिशेष अदालतले मन्त्रिपरिषद्को मिति २०६६\१२\२९ मिति |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | २०६७।१।३१ र मिति २०६७।४।२८ को निर्णयको हस्ताक्षरकर्ता प्रतिबादी रहेको आधार लिई नीतिगत निर्णय भएको भन्ने गलत अर्थ लगाई उही काम राष्ट्रसेवक कर्मचारीले गरेमा बदनियत तत्व पुष्टि भई कसूर हुने र सजाय निर्धारण हुने तर राजनीतिक आवरण र हैसियतमा गरेका व्यक्तिको उही एउटै काम तथा कसूरजन्य निर्णयमा कुनै दायित्व जिम्मेवारी वहन गर्नु नपर्ने गरी पूर्ण रुपमा सफाई पाउने हो भने फौजदारी कानूनको प्रयोग पद हैसियत र औकातका आधारमा विभेदपूर्ण तवरले लागू हुने विशेष अदालतको फैसलाबाट निश्चित हुने भयो। मन्त्रिपरिषद्का सबै सामूहिक सदस्यको कसूरमा सम्लग्नता रहेको प्रमाणको अभाव तथा बदनियत पूर्ण निर्णय गरेको पुष्टी नभएको भन्ने अवस्था भएपनि सोही मन्त्रिपरिषद्का कसूर पुष्टि हुने मन्त्रिपरिषद्का अन्य सदस्यका हकमा पनि मन्त्रिपरिषद्का सबै सामूहिक सदस्यहरुको सोही आधार वा सुविधा यी प्रतिवादीका हकमा पनि आकर्षण हुने भनी विशेष अदालतबाट ब्याख्या हुनु सरासर त्रुटिपूर्ण छ। किनकी कसूर गर्ने मन्त्रिपरिषद्का सम्बन्धित सदस्यका हकमा तथ्य कानून र कसूरदारको भूमिकालाई प्रतिव्यक्ति कसूर र प्रमाणका आधारमा नहेरी न्याय तथा कानूनका मान्य सिद्धान्त विपरीत अपारदर्शी, विभेदपूर्ण, अन्यायिक ब्याख्या गरी यी निर्णयकर्ता प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको देखिन्छ<br>• प्रतिबादीहरू मालपोत कार्यालयका तत्कालिन प्रमुख हरिकृष्ण तिमल्सिना, शाखा अधिकृत परशुराम पोखेल, शाखा अधिकृत कृष्ण प्रसाद पौडेल,नायब सुब्बा प्रकाश नारायण भट्ट, नायब सुब्बा टंकनाथ पौडेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा १को देहाय (ज) बमोजिमको कसुर ठहर गरी २ बर्ष कैद र रू ८०,४८,०००।– जनही जरिवाना हुने र मृत्यु भइसकेका प्रतिबादी पर्शुराम पोखेलको हकमा निजहरू उपर ठहर भएको कैद तथा जरिवानाको लगत राखी मृत्यु भएको कारण लगत कट्टा हुने ठहर गरी फैसला भएको हुँदा सो हदसम्म पुनराबेदन जिकिर लिईएको छैन। यी माथि उल्लिखित प्रतिबादीहरूलाई निजहरुले ललिता निवासको सरकारी जग्गा (सम्पत्ति) हानि नोक्सानी गरेको बिगो रकम रु.३२,१९,२०,०००।–बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज) र सोही ऐनको दफा १७ बमोजिमको कसुरमा आरोप माग दावी बमोजिम सजाय हुनुपर्नेमा प्रतिबादी मध्येका परशुराम पोखेलको हकमा निजको मृत्यु भएको हुँदा मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा १३३ वमोजिम सजाय नहुने भएकोले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा(१) र दफा १७ बमोजिम बिगो असुलउपर गर्ने प्रयोजनको लागि र अन्य माथि उल्लिखित प्रतिबादीहरुको हकमा ऐ ऐनको दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिमको सजाय गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा १७ बमोजिम बिगो असुल उपर\जफत हुन माग दावी लिई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | आरोपपत्र दायर गरिएको छ। यी प्रतिबादीहरूले ललिता निवास क्याम्पभित्रको साविक हाडिगाँउ मौजा हा.नं. ४५६ को लगत भिड्ने सरकारले कानून बमोजिम अधिग्रहण गरी सम्बन्धित जग्गा धनीहरुलाई कानून बमोजिमको सुनुवाईको मौका र क्षतिपूर्ति समेत दिई प्राप्त गरी सरकारी स्वामित्वमा नै रहिरहेको सरकारी र बाटो तथा राजकुलो समेतका सार्बजनिक जग्गामा अनाधिकृत ब्यक्तिहरुलाई गैरकानूनी रूपमा दाखिल खारेज,नामसारी र सट्टा भर्ना दिने कार्यमा नायव सुब्बा टंक पौडेल र प्रकाश भट्टले फाँटवालाको हैसियतले टिप्पणी उठान गर्ने , शाखा अधिकृत कृष्ण प्रसाद पौडेल र मालपोत अधिकृत परशुराम पोखरेलले शाखाबाट टिप्पणी पेश गर्ने, मालपोत अधिकृत हरिकृष्ण तिमिल्सेनाले कार्यालय प्रमुखको हैसियतमा निर्णय गर्ने कार्य गरेको देखिन्छ। यी प्रतिबादीहरू मालपोत कार्यालय डिल्लीबजारमा कार्यरत रहेको देखिन्छ। सर्बोच्च अदालतको मिति २०६४।११।३० को फैसला र मन्त्रिपरिषद्को मिति २०६७।०१।३१ को निर्णय समेतलाई उदृत गरी मालपोत कार्यालय डिल्लीबजारबाट मोही भनिएका श्रीकृष्ण महर्जन समेत १२ जना को निबेदनको आधारमा १२ जना मोहीहरूले मोही वापत प्राप्त गर्ने जग्गाहरू विवरणसहित तत्कालीन ना.सु.प्रकाश भट्ट र टंक पौडेलले टिप्पणी उठाई शाखा अधिकृत कृष्ण पौडेलले कार्यालय प्रमुख हरिकृष्ण तिमिल्सेना समक्ष पेस गरेको र प्रतिबादी हरिकृष्ण तिमिल्सेनाले पेस भए अनुसार संलग्न मन्त्रिपरिषको निर्णय,मन्त्रालयको पत्र र प्राप्त अनुसूची बमोजिम हुने गरी निर्णय कार्यान्वन गर्ने गरी मिति २०६७।०८।१६ मा सदर गरेको देखिन्छ। भूमिसम्बन्धी ऐन, २०२१ र भूमि सम्बन्धी नियमहरू, २०२१ बमोजिम मोहियानी हकको प्राप्तिको निर्णय गर्ने क्षेत्राधिकार भूमिसुधार अधिकारीलाई तोकिएकोले मन्त्रिपरिषद्को निर्णय भनिएको आधारमा मात्र क्षेत्राधिकार बिहीन र गैरकानूनी निर्णय कार्यान्वयन गर्नु नै कानून विपरीत कार्य हो। मन्त्रिपरिषद्को निर्णय कानून विपरीको काम गरी गैरकानूनी लाभ लिने, दिने, दिलाउने अस्त्र तथा रक्षा कबच बन्न सक्तैन र बन्नु हुँदैन। यस तर्फ विशेष अदालतले गंभिरता पूर्वक सबूद प्रमाणको मूल्याङ्कन तथा ब्याख्या विश्लेषण गर्न चुकेको छ। मोहीयानी हक बापतको जग्गा दाखेल खारेज गर्ने कार्य प्रचलित कानून बमोजिम भूमिसुधार अधिकारीको हो भन्ने यी प्रतिबादीलाई राम्रोसँग थाहा जानकारी रहेको भन्ने कुरामा विवाद हुन सक्तैन। किनकी उक्त कानून कार्यान्वयन गर्ने अधिकार नै यिनै प्रतिवादी राष्ट्रसेवक कर्मचारीको रहेको हुँदा तथ्यको प्रष्ट जानकारी हँदा हुँदै गैरकानूनी लाभकै लागि कसूर गरे भएको भन्ने देखिन्छ। मोहियानी हक बापतको जग्गा दाखेल खारेज गर्दा सर्बप्रथम भूमिसुधार अधिकारीको निर्णय छ,छैन भनी हेर्नु पर्ने हो। अनाधिकृत र क्षेत्राधिकार विहिन निर्णयको आधारमा मोहियानी हक वापतको जग्गा दाखिल खारेज गरेबाटनै यी प्रतिबादीहरूको अन्य प्रतिबादीहरूसँग मिलेमतो गरे भएको पुष्टि हुन्छ। यसरी उल्लिखित आधार र प्रमाणबाट प्रतिबादीहरूले सरकारी जग्गा ब्यक्ति बिशेषको नाममा दर्ता नामसारी गरी उल्लिखित जग्गा नामसारी गर्दा नेपाल सरकारलाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | हानिनोक्सानी समेत भएको देखिदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) र सोही ऐनको दफा १७ बमोजिमको समेत कसुर गरेको पुष्टि भएको देखिदा यी प्रतिबादीहरूलाई सोही बमोजिम सजाय गर्नु पर्ने र मृत्यु भएको प्रतिबादीको हकमा समेत सोही दफा बमोजिम कसुर ठहर गरी बिगो असुल हुनु पर्नेमा उक्त दफा १७ बमोजिमको कसुरको हदसम्म दावी नपुग्ने ठहर गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रही बदरभागी रहेको छ।<br>• प्रतिबादी मध्येका डि.एल.डेभलपर्स प्रा.ली.का संचालक कैलाशचन्द्र गोयललाई बिगो रू ५,४४,००,०००।—,माधवी सुवेदीलाई रू ९१,२०,०००।—,उमाकुमारी ढकाल्नीलाई रू ९१,२०,०००।-,रजनी पनेरूलाई रू ४०,००,०००।—, अगम ढुंगानालाई रू ३,२८,००,०००।—, भाटभटेनी डेभलपर्स कम्पनी प्रा.ली.का संचालक मीन बहादुर गुरूङलाई रू ११,२०,००,०००।-,लक्ष्मी ढकाललाई रू ३,२८,००,०००।-,खेमलाल खरेललाई रू ३,२८,००,०००।—,बाबा कार्किलाई रु ३,२८,००,०००।-बिगो कायम गरी राष्ट्रसेवक कर्मचारी,पदाधिकारीलाई अनुचित प्रभावमा पारी ललिता निवास क्याम्प भित्रको सरकारी, सार्बजनिक जग्गा गैरकानूनी रूपमा आफू समेतको नाममा सट्टा भर्ना गरी गराई आफूलाई प्रत्यक्ष लाभ र नेपाल सरकारलाई प्रत्यक्ष हानि नोक्सानी पुऱ्याएको कार्य गरेको हुँदा यी प्रतिबादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुरमा सोही ऐनको दफा ८(४) बमोजिम माग दावीका साथै निजहरूको नाममा रहेको जग्गा जफतको माग दावी लिई अभियोजन गरिएको छ ।प्रतिबादीहरूको नाममा रहेको जग्गा जफत हुने ठहर गरेको देखिदा सो सम्बन्धमा पुनराबेदन जिकिर लिई बिबेचना गरिरहनु परेन।यी प्रतिबादीहरूले समेत मौकामा बयान गर्दा ललिता निवास क्याम्प भित्रको जग्गा निजहरूको नाममा लिएकोमा स्वीकार गरेको देखिन्छ। प्रतिबादी मध्येका रजनी पनेरूले मौकामा बयान गर्दा श्रीमान डि.एस.एफ.डेभलपर्स को कर्मचारी भएको नाताले बिश्वासको आधारमा कम्पनीले मेरो नाममा राखेको र पछि जागिर छोडेपछि सो जग्गा कम्पनीको मालिक श्रीमती निर्मलादेवी गोयलको नाममा फिर्ता गरेको भनी बयान गरी उक्त जग्गा निजको नाममा लुकाई छिपाई राखेको भन्ने स्वीकार गरेको अन्य मिशिल संलग्न सबुद प्रमाणबाट प्रष्ट देखिन्छ। यस्तै डि.एल.एफ डेभलपर्स प्रा.लि.का संचालक कैलाशचन्द्र गोयलले समेत बालुवाटार स्थित ललिता निवास क्याम्पभित्रका जग्गाहरू राम कुमार सुवेदी,माधवी सुवेदी समेतको संयुक्त नाममा भएका जग्गाहरू कि.नं. २५३,२५२, रूपेश सुबेदीको संयुक्त नाममा रहेको जग्गा कि.नं. २५५,२९१,२१६ र ५१९ त्यसैगरी माधवी सुबेदीको नाममा रहेको कि.नं. २९२,२५४,२४०,२३९,२४१,२४२,२५१,२९०,२८९ र २३५ का जग्गाहरू प्रा.लि. ले भुक्तानी गरी रजिष्ट्रेशन पारित गरेको हो भन्ने समेत व्यहोराको बयान गरी यी प्रतिबादीहरूको मिलोमतोमा धेरै कित्ता जग्गाहरू आफ्नो र कम्पनीको नाममा कायम गरेको स्वीकार गरेको निजको बयानबाट देखिन्छ।प्रतिबादी बाबा कार्कीले मौकामा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | बयान गर्दा ललिता निवास क्याम्पभित्र रहेको कि.नं. १४४,२१९,६१३,३४ र १२८ का कित्ताहरू म समेतको ५ जनाको नाममा कायम रहेको र कि.नं. ७४० को जग्गा व्यक्तिगत नाममा रहेको उक्त जग्गाहरू शैलजा राणा,हेमनशम्शेर, हाटक शम्शेर र हाटक शम्शेरबाट २०६० सालमा लिएको भन्ने समेत व्यहोराको बयान गरेबाट समेत यी प्रतिबादीको उक्त जग्गा आफ्नो नाममा कायम गर्न शैलजा राणा समेतका प्रतिवादीहरुसँग मिलोमतो गरेको भन्ने खुल्न आउछ।प्रतिबादी मध्येका मीनबहादुर गुरूङले बयान गर्दा भाटभटेनी डेभलपमेन्ट प्रा.लि.को नाममा बालुवाटारमा ४\५ कित्ता जग्गाहरू बिभिन्न व्यक्तिहरूबाट खरिद गरी र केही कित्ता जग्गा प्रधानमन्त्री निवास बिस्तारको क्रममा मन्त्रिपरिषद्को निर्णयबाट सट्टा भर्नाबाट आएको हो भन्ने समेत व्यहोराको बयान गरेबाट समेत प्रतिबादीहरू उपरको आरोप दावी पुष्टि भईरहेको छ। प्रतिबादी मध्येका लक्ष्मी ढकाल,चमेली श्रेष्ठ,अगम ढुंगानाको नाममा आयोगमा उपस्थित हुन आउनु भनी गोरखापत्र राष्ट्रिय दैनिकमा सार्बजनिक सूचना जारी गरेकोमा निजहरू आफ्नो भनाई राख्न उपस्थित नभई आरोपित कसुर स्वीकार गरी बसेको देखिन्छ। यस्तो अवस्थामा प्रतिबादीहरूलाई आरोपदावी बमोजिम सजाय गर्नुपर्नेमा उल्लिखित व्यक्तिहरूको नाममा रहेको जग्गा मात्र जफत गरी अन्य माग दावी पुग्न नसक्ने भन्ने बांक्याश उल्लेख गरी अन्य आरोपदावी के कुन आधारमा पुष्टि हुन नसकेको हो भन्ने आधार र कारण समेत केही उल्लेख नगरी प्रतिबादीहरू डि.एल.एफ.डेभलपर्स प्रा.लि.का संचालक कैलाशचन्द्र गोयल,उमाकुमारी ढकाल्नी,रजनी पनेरू,बाबा कार्की र अगम ढुंगाना समेतलाई निजहरूको नामको जग्गा जफत गर्ने र प्रतिबादीहरूलाई सफाई दिने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको छ<br>• मोहीको हैसियतमा जग्गा प्राप्त गर्ने भूमिकामा रही गैरकानूनी लाभ लिएका प्रतिबादीहरू श्रीकृष्ण महर्जन,द्धारिकामान महर्जन,ग्वाराभाइ महर्जन,मचानानी महर्जन,बाबुराजा महर्जन,रेना गुरूङ,तीर्थमाया महर्जन(आशा नारायण महर्जनको श्रीमती) तीर्थमाया महर्जन(नाती महर्जनको श्रीमती,देव नारायण महर्जन(नाती महर्जनको छोरा),देव नारायण महर्जन (ड्राईभर भाइचाको नाति आशाकाजी महर्जनको छोरा),कान्छा महर्जन,हर्क नारायण भन्ने हर्ष महर्जनलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा सोही ऐनको दफा ८(४) बमोजिमको सजाय गरी बिगो समेत असुल उपर गरीपाउ भन्ने आरोप दावी रहेको छ।श्री बिशेष अदालतबाट प्रतिबादीहरूले सरकारी कर्मचारीलाई प्रलोभनमा पारी सरकारी जग्गा आ-आफ्नो नाममा दर्ता कायम गरेको ठहर गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को खन्ड (ज) बमोजिम सोही ऐनको दफा २२ बमोजिम मतियारको कसुर गरेको ठहर गरी मुख्य प्रतिबादीलाई सरह २ बर्ष कैद र बिगो बमोजिम जरिबाना समेत गरेको देखिदा यी प्रतिबादीहरूले कसुर गरेकोमा कुनै बिबाद भएन। जहाँसम्म यी प्रतिबादीहरूलाई मतियारको कसुर कायम गरेको सन्दर्भ छ यी प्रतिबादीहरू समेतले राष्ट्रसेवक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कर्मचारी\पदाधिकारीहरूलाई अनुचित प्रभावमा पारी ललिता निवास क्याम्पभित्रको सरकारी, सार्बजनिक जग्गा गैरकानूनी रूपमा आफु समेतको नाममा सट्टाभर्ना गरी-गराई आफुहरूलाई प्रत्यक्ष लाभ र नेपाल सरकारलाई प्रत्यक्ष हानिपुऱ्याउने कार्य गरेको भन्ने यी प्रतिबादीहरूको नाममा उल्लिखित जग्गाहरू दर्ता भएको देखिनुले नै कसुरको पुष्टि गर्छ। जुन तथ्य सम्मानित अदालतबाट भएका फैसलामा समेत स्वीकार गरी सकेको अवस्था देखिन्छ।भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ मा गैरकानूनी लाभ वा हानि पुऱ्याउने बदनियतले काम गर्नेलाई सजाय उल्लेख गरी सोही उपदफा (४) मा राष्ट्रसेवक बाहेक अरू कुनै व्यक्तिले आफु वा अरू कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतले कार्य गरेमा सजाय हुने व्यबस्था रहेकोमा यी प्रतिबादीहरूले आफुलाई फाईदा र सरकारलाई नोक्शान हुने गरी कसूरजन्यकार्य गरेको सवूद प्रमाणबाट प्रत्यक्ष देखिदा देखिदै उक्त दफा बमोजिम सजाय गर्नु पर्नेमा मतियार कायम गरी फैसला गर्न मिल्ने होईन।मतियार कुनै पनि फौजदारी कसुरमा मुख्य कसूरदारलाई प्रत्यक्ष वा परोक्ष रुपमा अपराध कसूर गर्न गराउनमा, अपराध कसूरबाट उम्काउनमा वा अपराध कसूर लुकाउनमा विभिन्न प्रकृतिको सहयोग पुऱ्याई घट्ना घटाउन वा दवाउनका निम्ति सहायता गर्ने व्यक्ति हो। जानी बुझी कसूरजन्य काम गर्न प्रेरित गर्ने, हौस्याउने, साथ लाग्ने व्यक्ति हो। यो Secondary offence को घटकको रुपमा रहेको हुन्छ।मतियारको अप्रत्यक्ष संलग्नता हुने, अपराध हुँदै छ भन्ने जानकारी हुने, सहयोग मद्दत गर्ने मनसाय हुने हुन्छ। मतियारले अपराधको मुख्य कसूरदारबाट फाईदा लिन सक्ने हुँदा धनमालको बिगो निजले लिए खाएको तथ्य सबै कसूर तथा सम्बन्धित विषयवस्तुका आधारमा पुष्टी नहुन पनि सक्छ तर आफ्नो हितमा हुने हिसाब गरी सहयोग पुऱ्याएको हुन्छ। यदि मतियारले गैरकानूनी लाभ लिएको बिगो खुलेमा सो अनुसारको फौजदारी दायित्व वहन गर्नु पर्ने हुन्छ।यस प्रकृतिका कसूरमा मूख्य कसुरदारले आफै उपस्थित भई आफ्नै हातबाट दामकाम कारोवार गर्ने र वारदात घटनाउने,निर्देशन, साधन वा आदेश दिई अपराध घटनाउने, अपराधको परिपत्र मिलाएर आपराधिक कार्य गरेको हुन्छ।यी प्रतिवादीहरुले राष्ट्रसेवक कर्मचारीहरुलाई गैरकानूनी लाभ दिई अनुचित प्रभावमा पारी अन्य बिचका व्यक्तिहरूसँग मिलोमतो गरी मोहीको हैसियतमा जग्गा प्राप्त गर्ने भूमिकामा रही आफुहरुलाई प्रत्यक्ष लाभ पुऱ्याउने र नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएका व्यक्तिहरु हुन्। तसर्थ आरोपदावी बमोजिम मुख्य कसुरदार कायम गरी सजाय गर्नुपर्नेमा मतियार कायम गरी सजाय गरेको विशेष अदालतको फैसला प्रस्तुत मुद्दाको तथ्य, सवूद प्रमाण र प्रतिवादीको कसूरमा सम्लग्नताका आधारको न्यायोचित विश्लेषण भएको देखिदैन। साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ तथा दफा २२ को कानूनी व्यवस्थाको अबलम्बन र व्याख्यामा समेत त्रुटी रहेको हुँदा उक्त फैसला सो हदसम्म बदरभागी रहेको छ।<br>• प्रतिबादीहरू दीप बस्न्यात र छबि पन्तको हकमा हेर्दा:- यी प्रतिबादीहरूलाई भ्रष्टाचार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुरमा बिगो रू ८०,४८,०००।— जरिवाना र २ बर्ष कैद गरी दफा ४७ बमोजिमको आरोपपत्रको तालिका ६ मा उल्लिखित सट्टा भर्नाको जग्गा समेत जफत हुने ठहर गरेको हुँदा यी प्रतिबादीहरूको हकमा सो हदसम्म पुनराबेदन जिकिर लिईएको छैन। प्रतिवादी मध्येका दीप बस्न्यातलाई बिगो रू ९,६५,७६,०००।— कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज), सोही ऐनको दफा ९ र दफा १७ बमोजिमको कसुर गरेकोमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ), सोही ऐनको दफा ९ र दफा २४ बमोजिमको थप सजाय गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा १७ बमोजिम बिगो जफत हुन माग दावी लिई आरोपपत्र दायर भएको अवस्था रहेको छ।यसैगरी प्रतिबादी छबिराज पन्तलाई बिगो रू ९,६५,७६,०००।— कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज), सोही ऐनको दफा १७ बमोजिमको कसुर गरेकोमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ), सोही ऐनको दफा ९ , र दफा २४ बमोजिमको थप सजाय गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा १७ बमोजिम बिगो जफत हुन माग दावी लिई आरोपपत्र दायर भएको अवस्था छ।प्रतिबादी दीप बस्न्यात र छविराज पन्तले जग्गाधनीहरूलाई कानून बमोजिम अधिग्रहण गरी सम्बन्धित जग्गाधनीहरूलाई कानून बमोजिमको सुनुवाईको मौका र उचित क्षतिपूर्ति समेत दिई जग्गा प्राप्त गरी सरकारी स्वामित्वमा नै रहिरहेको सरकारी र साविकदेखि नै बाटो तथा राजकूलोको रूपमा रहेका सरकारी, सार्बजनिक जग्गा अनाधिकृत ब्यक्तिहरूलाई मोही कायम गरी सट्टा भर्ना दिने ,सो जग्गामा उनाउ ब्यक्तिहरूलाई मोही कायम गरी सट्टा भर्ना दिने र सो जग्गामा उनाउ ब्यक्तिहरुलाई मोही कायम गर्ने प्रयोजनको लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्नका लागि गलत लिखत तयार गर्ने समेतको कार्य गरेको मिशिल संलग्न प्रमाणबाट पुष्टि हुन आउछ।दीप बस्न्यातले उल्लिखित सरकारी सार्बजनिक जग्गा मस्यौट हुने गरी ब्यक्ति बिशेषका नाममा रहेका घडेरीमा ८ मिटर चौडा बाटो खोल्ने प्रयोजनको लागि मन्त्रिपरिषद्मा पेश गर्नका लागि गलत लिखत (प्रस्ताव) तयार गर्ने र पेश गर्ने समेतका गैरकानूनी कार्य गरी-गराई नेपाल सरकारलाई प्रत्यक्ष हानिनोक्सानी र ब्यक्ति बिशेषलाई प्रत्यक्ष लाभ पुऱ्याई भ्रष्टाचार गरेको देखिन्छ। प्रतिबादी दीप बस्न्यातले अदालत समक्ष उपस्थित भइ बयान गर्दा बिशिष्ट व्यक्तिहरूको निवास बिस्तार गर्नको लागि तल्लो निकायबाट पेश भएको टिप्पणी बमोजिम पेश भएको हो।म स्वंयम सरकारी सार्वजनिक सम्पत्ति गैर कानूनी रूपमा आफ्नो वा अरूको नाममा दर्ता भोग चलन गर्ने गराउने कार्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गरेको छैन भनी कसुरमा ईन्कार गरी बयान गरेपनि ललिता निवास भित्रको सरकारी जग्गा हिनामिना भएको विषयमा शारदाप्रसाद त्रितालको संयोजकत्वमा छानबिन भई यी प्रतिबादी समेतको कसूरमा संलग्नता रहेको भन्ने प्रष्ट प्रतिबेदन दिएको देखिन्छ। प्रतिबादी दीप बस्न्यात मिति २०६६ साउन देखि २०६७ फागुनसम्म भौतिक योजना तथा निर्माण मन्त्रालयमा सचिवको हैसियतमा कार्यरत रही प्रधानमन्त्री निवास बिस्तार गर्ने सम्बन्धमा तयार भएको गुरूयोजना बमोजिमको प्रस्ताव मन्त्रिपरिषद्मा पेश गरेको र उल्लिखित प्रस्तावहरूमा भएको दस्तखत मेरो हो भनी स्वीकार गरी बयान गरेको देखिन्छ।प्रधानमन्त्री निवास बिस्तार गर्ने सम्बन्धी प्रस्ताव र सो सम्बन्धी टिप्पणी फाइलमा यी प्रतिबादीले मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा सरकारी स्वामित्वको जग्गा व्यक्ति विशेषको हक नपुग्ने भन्ने तथ्य जानी बुझी बदनियत पूर्वक गैरकानूनी लाभ लिई दिई दिलाई व्यक्ति विशेषका नाममा जग्गा सट्टा भर्ना दिने विषयमा आफ्नै निर्देशनमा प्रस्ताव तयार गरी गराई सोही प्रस्ताव आफैले पेश गरी उक्त प्रस्ताव तत्कालीन उपप्रधानमन्त्रीबाट मिति २०६६।१२।१९ मा सदर गराएको देखिन्छ।प्रतिबादी छबिराज पन्तले समेत अदालतमा बयान गर्दा सचिवको हैसियतले नेपाल सरकार मन्त्रिपरिषद्बाट भएका मिति २०६६।१२।२९ र २०६७।१।३१ का निर्णयहरू कार्यान्वयन गर्नको लागि सम्बन्धित निकायमा पठाउने कार्य गरेको हो र भूमिसुधार मन्त्रीबाट मिति २०६७।०१।२७ मा भएको निर्णय र सो को आधारमा आवश्यक निर्णय र निर्देशनका लागि मिति २०६७।०१।३१ को निर्णयका आधारमा सम्बन्धित कार्यालयमा आबश्यक निर्देशन गएको हो भन्ने समेत ब्यहोराको तथ्य स्वीकार गरी बयान गरेको देखिन्छ। यसरी प्रतिबादीहरुले बयानको क्रममा सरकारी जग्गा हिनामिना गरेको होईन छैन भनी ओठे जवाफका रुपमा बयान गरेपनि यि प्रतिबादीहरूले तयार गरेको प्रस्ताव मन्त्रिपरिषद्बाट स्वीकृत गरेको कारण नै सरकारी जग्गा उनाउ ब्यक्तिहरू मोही कायम भएको र ब्यक्ति बिशेषको नाममा सट्टा भर्ना भएको देखिएबाट प्रतिबादीहरु उपरको दफा १७ बमोजिम ललिता निवासको सरकारी सम्पत्ति हिनामिना गरेको कसुर पुष्टि भएको छ।प्रतिबादी दीप बस्न्यात भौतिक योजना तथा निर्माण मन्त्रालयका तत्कालीन सचिव रहेको र छविराज पन्त तत्कालीन भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिव रहेका छन। प्रतिबादीहरू सचिव जस्तो विशिष्ट श्रेणीको ओहदामा रहेका व्यक्तिले कुनै भ्रष्टाचारजन्य कसुर गरेको ठहर भएमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसूर ठहर गरीसजाय गर्नुपर्नेमा सो विषयमा फैसलामा केही नबोलिएको र सोही ऐनको दफा २४ बमोजिम थप सजाय गर्नुपर्नेमा उक्त दफा बमोजिमको थप सजाय अनिवार्य गर्नु पर्नेमा सो सम्बन्धमा कति थप सजाय हुने भन्ने कुरामा केही नबोली उल्लिखित दावीका विषयमा फैसलामा कुनै बिबेचना नगरी भएको उक्त फैसला गंभिर रुपमा कानूनी त्रुटिपूर्ण रहेको छ।भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ मा संबैधानिक अङ्ग वा निकायका पदाधिकारी राष्ट्रपतिबाट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | मनोनयन वा नियुक्त हुने पदाधिकारी नेपाल सरकारका बिशिष्ट श्रेणी वा सो सरहका पदाधिकारी सार्वजनिक संस्थाका प्रमुख महाप्रबन्धक वा सो सरहका पदाधिकारीले यस परिच्छेद अन्तर्गतका कसुर गरेमा निजलाई त्यस्तो कसुरमा हुने सजायमा थप तिन बर्षसम्म कैद सजाय हुने कानूनी ब्यबस्था रहेको छ। यसरी प्रतिबादीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को कसुर गरेको ठहर भईसकेपछि उक्त कानूनी ब्यबस्था बमोजिम थप सजाय गर्नुपर्ने बाध्यात्मक ब्यवस्था हुँदा हुँदै उक्त दफा बमोजिम सजाय हुने नहुने भन्ने सन्दर्भमा कुनै ब्याख्या बिबेचना नगरी फैसला गर्न मिल्ने होईन। यसरी प्रतिबादीहरू दीप बस्न्यात र छबिराज पन्तले जग्गाधनीहरूलाई कानून बमोजिम अधिग्रहण गरी सम्बन्धित जग्गाधनीहरूलाई कानून बमोजिमको सुनुवाईको मौका र उचित क्षतिपूर्ति समेत दिई प्राप्त गरी सरकारी स्वामित्वमा नै रहिरहेको सरकारी र साविकदेखि नै बाटो तथा राजकूलोको रूपमा रहेका सरकारी, सार्बजनिक जग्गा अनाधिकृत ब्यक्तिहरूलाई मोही कायम गरी सट्टा भर्ना दिने,सो जग्गामा उनाउ ब्यक्तिहरूलाई मोही कायम गरी सट्टा भर्ना दिने र सो जग्गामा उनाउ ब्यक्तिलाई मोही कायम गर्ने प्रयोजनको लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्नका लागि गलत लिखत तयार गर्ने समेतको कार्य गरेको र दीप बस्न्यातले उल्लिखित सरकारी सार्बजनिक जग्गा मस्यौट हुने गरी ब्यक्ति बिशेषका घडेरीमा ८ मिटर चौडा बाटो खोल्ने प्रयोजनको लागि मन्त्रिपरिषद्मा पेश गर्नका लागि गलत लिखत (प्रस्ताव) तयार गर्ने र पेश गर्ने समेतका गैरकानूनी कार्य गरी-गराई नेपाल सरकारलाई प्रत्यक्ष हानिनोक्सानी र ब्यक्ति बिशेषलाई प्रत्यक्ष लाभ पुऱ्याई आरोप माग दावी बमोजिमको कसुर गरेको मिसिल सम्लग्न सबूद प्रमाणबाट पुष्टि भएको छ।<br>• यी प्रतिबादीहरूलाई दफा १७ बमोजिमको आरोप माग दावी लिएकोमा सो सम्बन्धमा बादी दावी नपुग्ने ठहर गरी फैसला भएको छ। दफा १७ बमोजिमको कसुर कायम हुन सरकारी सम्पत्ति हिनामिनाको कार्य राष्ट्रसेवकले गरेको देखिनुपर्ने, सरकारी सम्पत्ति वास्तविक सम्पत्ति रहेको देखिनुपर्ने, सम्बन्धित सम्पत्ति संरक्षण गर्ने राष्ट्रसेवकको ओहोदाको कर्तव्य रहेको देखिनुपर्ने, सरकारी सम्पत्ति हिनामिना, हानि नोक्सानी वा दुरुपयोग गरे गराएको वा निजी प्रयोगमा लगाएको देखिनुपर्ने, राष्ट्रसेवकले अनुचित लाभ लिने वा दिने वदनियत गरेको देखिनुपर्ने, वदनियत पुष्टि हुन प्रतिवादीहरुले गैरकानूनी लाभ लिएको वा दिएको देखिनुपर्ने भन्ने कसुरजन्य कार्य(Actus reus)हुनपर्नेदेखिन्छ। प्रतिबादीहरूले अन्य प्रतिबादीहरूसँग मिलोमतो गरी बिशिष्ट ब्यक्तिहरूको निवास बिस्तार गर्ने नाममा ललितानिवास क्याम्प भित्रको समग्र जग्गाहरु नेपाल सरकारले अधिग्रहण गरि सकेका नेपाल सरकारको स्वामित्वमा आएको ललिता निवास क्याम्प भित्रको नेपाल सरकार समरजंग कम्पनीको नाउँमा दर्ता कायम रहेको जग्गाधनी दर्ता श्रेस्ता कट्टा गरी उनाउ ब्यक्तिलाई मोही कायम गरी जग्गा बाटो बिस्तारको नाममा जग्गा सट्टापट्टा गर्ने गरी ब्यक्ति बिशेषको नाममा जग्गा कायम गर्ने जस्तो सरकारी सार्बजनिक सम्पत्तिको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | हानिनोक्सानी गर्ने गराउने उदेश्यले सोचि सम्झि गरेको प्रपन्चयुक्त कार्यले नेपाल सरकारलाई प्रत्यक्ष हानि नोक्सानी पुगेको र व्यक्ति बिशेषलाई प्रत्यक्ष फाईदा वा लाभ पुगेको देखिँदा उल्लिखित कसुरजन्य कार्य गरेको र सो कार्य बदनियतपूर्वक आफ्नो ओहोदाको वा सोसम्बन्धी कर्तव्य पालन नगर्दा परिणाम स्वरुप सरकारी जग्गा हानिनोक्सानी भएको हुँदा आरोप माग दावी बमोजिमको कसुर पुष्टि भईरहेको अवस्थामा दफा १७ बमोजिमको आरोप माग दावी पुग्न सक्दैन भनी फैसला गर्न मिल्ने होईन। प्रतिबादी दीप बस्न्यात भौतिक योजना तथा निर्माण मन्त्रालयका तत्कालीन सचिव रहेको र छविराज पन्त तत्कालीन भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिव रहेका यी प्रतिबादीहरू विशिष्ट श्रेणीको ओहदामा रहेका व्यक्तिले कुनै भ्रष्टाचारजन्य कसुर गरेको ठहर भएमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय गरी सजाय गर्नुपर्नेमा उक्त दफा बमोजिमको कसुर गरे नगरेको सम्बन्धमा कुनै बिबेचना नगरी र दफा ९ बमोजिमको कसूर र सजाय निर्धारण समेतका माग दावीका सम्बन्धमा कुनै बिबेचना नगरी दफा १७ बमोजिमको दावी पुग्न नसक्ने भन्ने उल्लेख गरी फैसलामा कुनै आधार कारण नखुलाई दफा ८(१)(ज) बमोजिम मात्र सजाय गर्ने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रही बदरभागी रहेको छ।<br>• प्रतिवादीहरु मालपोत कार्यालय डिल्लीबजारका तत्कालिन प्रमुख मालपोत अधिकृत प्रेम बहादुर खापुङ,  खरिदार अर्जुन कुमार खतिवडा,भुमिसुधार अधिकारी शंकरप्रसाद सुवेदी, नायब सुब्बा अंगुर कुमार सिग्देल,नायब सुब्बा केदार प्रसाद श्रेष्ठ समेतका हकमा:- प्रतिवादीहरु प्रेम बहादुर खापुङ, अर्जुन कुमार खतिवडा,शंकरप्रसाद सुवेदी,अगुर कुमार सिग्देल,केदार प्रसाद श्रेष्ठ समेतलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुर गरेको ठहर गरी २ बर्ष कैद र जनही रू ८०,४८,०००।– जरिवाना हुने ठहर गरी फैसला भएको देखिदा सो हदसम्म पुनराबेदन जिकिर लिईएको छैन। प्रेम बहादुर खापुङ समेतका उल्लिखित प्रतिबादीहरूको मिलोमतोमा नेपाल सरकारको नाममा रहेको १९-१५-१-२ जग्गा बिभिन्न व्यक्तिहरूको नाममा गैरकानूनी नामसारी दाखिल खारेज गरी बिगो रू ९,६५,७६,०००।– बराबरको हानि नोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड(ज) र सोही ऐनको दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा २२ बमोजिम मतियारको कसुरमा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) रदफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिमको सजायमा सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक बाक्यांश बमोजिम सजाय हुन समेतको माग दावी लिई आरोपदावी लिईएको देखिन्छ।यी प्रतिबादीहरू भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) र १७ ले निर्देश गरेबमोजिम दफा ३(१) र दफा ३(१) को खण्ड (झ) बमोजिमको सजायमा सोही ऐनको दफा २२ बमोजिम सजायको माग दावी लिई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अभियोग मादावी गरिएकोमा यी प्रतिबादीहरूले कसुर गरेको ठहर गरी अन्य मुख्य प्रतिबादीहरू समान सजाय गरेको देखिएपनि ऐनको दफा २२ को प्रतिबन्धात्मक बाक्यांश बमोजिम कसुर कायम नगरेको र बिगो प्रतिब्यक्ति कायम गरी सजाय गर्नु पर्नेमा सो हदसम्म मात्र यी प्रतिबादीहरूलाई पुनराबेदन जिकिर लिईएको छ। प्रतिबादीहरू प्रेम बहादुर खापुङ्ग,अर्जनु खतिवडा र शंकर प्रसाद सुबेदीले ललिता निवास क्याम्पभित्रको साविक हाँडिगाउँ मौजा हा.नं. ४५६ को लगत भिड्ने सरकारले कानून बमोजिम अधिग्रहण गरी सम्बन्धित जग्गाधनीहरूलाई कानून बमोजिमको सुनुवाईको मौका र क्षतिपूर्ति सेमत दिई प्राप्त गरी सरकारी स्वामित्वमा रहिरहेको सरकारी र बाटो तथा राजकुलो समेतका सरकारी सार्बजनिक जग्गामा अनाधिकृत ब्यक्तिहरूलाई जग्गाधनी र मोही कायम गर्नका लागि दुषित पत्राचार गर्ने कार्य गरी यी प्रतिवादीहरुका हकमा आरोप माग दावी बमोजिमको कसुर गरेको पुष्टि भएको छ। प्रतिबादीहरू शंकर प्रसाद सुबेदी,अंगुर सिग्देल र केदारप्रसाद श्रेष्टले साविक २ नं. अनुसूचीमा नाम परेको आधारमा स्वतः मोही कायम हुने भनी प्रत्राचार गरेको देखिन्छ। तर उक्त अनुसूचीमा नाम परेको आधारमा स्वतः मोही कायम हुने होईन,मोही कायम भएको आधिकारीक सवूद प्रमाण र निर्णयको आधारमा मात्र मोही कायम हुने हो। भूमिसुधार अधिकारीले भूमिसम्बन्धी ऐन,२०२१ तथा भूमिसम्बन्धी नियमहरू, २०२१ बमोजिम हक पुग्न प्रमाणको परिक्षण र बिश्लेषण गरी तोकिएको कार्यबिधिहरू पालन गरी रीतपूर्बकको फैसलाको आधारमा मोही कायम हुने हो। यी प्रतिबादीहरूले कानूनी ब्यवस्थाहरूको पालना बेगर नै २ नं. अनुसूचीको आधारमा मात्र मोही कायम रहेको निष्कर्ष निकाली प्रतिबादीहरूले दिशान्तर गरेको देखिन्छ। यी प्रतिबादीहरू झुट्टा मोहीको झुट्टा गलत लगत बनाउने सर्जक रहेको देखिन्छ। आफ्नो क्षेत्राधिकार रहेको विषयमा कानून विपरीत अपार्दर्शी तवरले मोही कायम रहेको विवरण पठाएको कार्यबाट नेपाल सरकारलाई हानिनोक्सानी र अन्य प्रतिबादीहरूलाई तथा आफुहरुलाई गैरकानूनी लाभ लिने दिने कार्य गरेको देखिदा बदनियत पुष्टि हुँदा हुँदै मिसिल सम्लग्न सवूद प्रमाणको उचित मूल्याङ्कन नगरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण देखिन्छ।<br>• प्रतिबादीहरू प्रेम बहादुर खापुङ र अर्जुन खतिवडाबाट मालपोत कार्यालय डिल्लीबजारका प्रमुख मालपोत अधिकृत प्रेम बहादुर खापुङ र ना.सु. अर्जुन खतिवडा साविक नापी बमोजिम हाल नापीमा भिडि सर्बोच्च अदालतको मिति २०६४।११।३० को फैसला मुताबिक मोही कायम रहेको जग्गाको विवरण भनी समरजंग कम्पनीको दर्ता श्रेताको कि.नं. ११,२६ मा ड्राईभर भाइचासमेत बिभिन्न कित्ताको जग्गामा १६ जनाको मोहिहरूको नाम पठाएको देखिन्छ। तर उक्त सर्बोच्च अदालतको उक्त फैसलाले अव जे जो कारवाही गर्नु पर्छ गर्नु भनी गुठी संस्थानको नाममा परमादेश जारी भएको देखिन्छ। उक्त फैसलामा मोहीयानी हक पाउने व्यक्तिहरु भए नभएको विषयमा कानून बमोजिम निर्णय गर्ने क्षेत्राधिकार रहेको निकायको अधिकारको सम्मान गरी परमादेश |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | जारी भएको देखिन्छ।मिति २०६६।११।१२ मा मालपोत कार्यालयबाट पठाएको पत्र नै गलत रहेको देखिन्छ। यसरी कानून विपरीत विषय बस्तुको ज्ञान र बिज्ञता बिपरीत ओहदाको दुरूपयोग गरी कानून बमोजिम हक कायम नभएका व्यक्तिहरूलाई मोही विवरण पठाएकोबाट प्रेम बहादुर खापुङ र अर्जुन खतिवडाको कार्यबाट नेपाल सरकारलाई गैरकानुनी हानिनोक्सानी र यी प्रतिवादीहरु आफु र ब्यक्ति बिशेषलाई गैरकानूनी लाभ पुऱ्याउने कार्य गरेको देखिएबाट यी प्रतिबादीहरूको बदनियत पुष्टि भएको छ।यसरी प्रतिबादीहरूले ललिता निवास क्याम्पभित्रको साविक हाडिगाँउ मौजा हा.नं. ४५६ को लगत भीड्ने सरकारले कानून बमोजिम अधिग्रहण गरी सम्बन्धित जग्गाधनीहरुलाई कानून बमोजिमको सुनुवाईको मौका र क्षतिपूर्ति समेत दिई प्राप्त गरी सरकारी स्वामित्वमा नै रहिरहेको सरकारी र बाटो तथा राजकुलो समेतका सरकारी सार्बजनिक जग्गामा अनाधिकृत ब्यक्तिहरुलाई जग्गाधनी र मोही कायम गर्नको लागि दुषित पत्राचार गरी मतियारको कसुर गरेको पुष्टि भएको हुँदा सोही अनुसार प्रतिब्यक्ति बिगो कायम गरी सजाय गर्नु पर्नेमा फरक दफा प्रयोग गरी दामासाहीले बिगो कायम गरी सजाय गरेको विशेष अदालतको सो हदसम्मको फैसला त्रुटिपूर्ण रहेको देखिन्छ।मालपोत कार्यालय डिल्लीबजारका प्रमुख मालपोत अधिकृत प्रेम बहादुर खापुङ्ग,र ना.सु. अर्जुन खतिवडाले साविक नापी बमोजिम हाल नापीमा भिडी सर्बोच्च अदालतको मिति २०६४।११।३० को फैसला मुताबिक मोही कायम रहेको जग्गाको विवरण भनी समरजंग कम्पनीको दर्ता श्रेस्ताको कि.नं. ११,२६ मा ड्राईभर भाइचा समेत बिभिन्न कित्ताको जग्गामा १६ जना मोहीहरूको नाम पठाएको देखिन्छ।तर सर्बोच्च अदालतमा परेको २०६४ सालको रिट नं.११६ समेतका बिभिन्न रिटहरूमा आयोगको मिति २०६४।०२।२० को निर्णय बदर गरी गुठी संस्थानमा परेको निवेदनमा कारवाही गर्न परमादेश जारी गरेको देखिन्छ। उक्त रिट निवेदनमा समरजंग कम्पनीका नाममा दर्ता जग्गामा कथित ब्यक्तिहरूलाई मोही कायम गरेको देखिदैन।सर्बोच्च अदालतबाट निबेदकहरूको नाममा जे जो बुझ्नु पर्छ बुझी कारवाही गर्नू भनी गुठी संस्थानको नाममा परमादेश गरेकोसम्म देखिन्छ।सम्मानित अदालतबाट उल्लिखित प्रतिबादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) (ज) बमोजिमको कसुर गरेको देखिन्छ।जबकी आरोपपत्रमा यी प्रतिबादीले अन्य प्रतिबादीहरूलाई उक्त जग्गा मोहीको नाममा दर्ता गर्ने तथा सट्टा भर्ना दिने कार्यमा सहयोग गरेको देखिदा ऐनको दफा ८(१) (ज) र दफा १७ बमोजिमको मतियारको कसुर गरेको भनी आरोप माग दावी लिएको हो। श्री बिशेष अदालतबाट फैसला हुँदा कसूरदारलाई आरोप माग दावी भन्दा कम सजाय हुन सक्ने तर तोकिएको माग दावी भन्दा बढी सजाय हुन नसक्ने भन्ने हाम्रो कानूनी एवं न्यायिक अभ्यास एवं मान्यता रहेको छ।यसरी यि प्रतिबादीहरू प्रेम बहादुर खापुङ्ग र अर्जुन खतिवडाले कानून विपरीत विषयबस्तुको ज्ञान र बिज्ञता विपरीत ओहदाको दुरूपयोग गरी कानून बमोजिम हक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कायम नभएका व्यक्तिहरूलाई मोही विवरण पठाएको हुँदा नेपाल सरकार र व्यक्ति बिशेषलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतले कार्य गरेको पुष्टि भएको हुँदा यी प्रतिबादीहरूको आरोप माग दावी बमोजिमको मतियारको कसुर गरेको पुष्टि हुँदा हुँदै दफा ८(१) बमोजिमको माग दावी कायम गरी भएको फैसला हाम्रो न्यायिक अभ्यास, कानूनी सिद्धान्त प्रतिकूल देखिन्छ। यसर्थ विशेष अदालतको फैसलामा उल्लिखित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र दफा ८(१) र दफा २२ को कानूनी त्रुटिपूर्ण व्याख्या विश्लेषण गरी फैसला भएको हुँदा उक्त फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको छ ।<br>• प्रतिबादी जीत बहादुर थापाको हकमा:-प्रतिबादी जीत बहादुर थापालाई बिगो रू ९,६५,७६,००० कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज), सोही ऐनको दफा ९ र दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) को खण्ड (झ) र दफा ९ बमोजिमको सजाय गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा १७ बमोजिम बिगो असुल उपर\जफतको माग दावी लिई अभियोजन गरिएकोमा प्रतिबादीलाई सफाई दिने गरी फैसला भएको देखिन्छ। यी प्रतिबादीले ललिता निवास क्याम्पभित्रको साविक हाँडिगाउ मौजा हा.नं. ४५६ को लगत भिड्ने सरकारले कानून बमोजिम अधिग्रहण गरी सम्बन्धित जग्गा धनीहरूलाई कानून बमोजिम सुनुवाईको मौका र उचित क्षतिपूर्ति समेत दिई प्राप्त गरी सरकारी स्वामित्वमा नै रहिरहेको सरकारी र साविकदेखि नै बाटो तथा राजकुलोको रूपमा रहेको सरकारी सार्वजनिक जग्गा अनाधिकृत व्यक्तिहरूलाई मोही कायम गरी सट्टा भर्ना दिने र सो जग्गामा १७ जना उनाउ व्यक्तिहरूलाई मोही कायम गर्ने प्रयोजनको लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्नको लागि झुट्टा तथा गलत लिखत तयार गर्ने कार्य गरेको हुँदा नेपाल सरकारलाई प्रत्यक्ष हानि नोक्सानी र व्यक्ति बिशेषलाई प्रत्यक्ष लाभ पुऱ्याएको देखिन्छ। प्रतिबादी जीत बहादुर थापाले मौकामा बयान गर्दा समेत बिशिष्ट व्यक्तिहरूको आवास विस्तार गर्ने गुरूयोजना सहितको फाईल अगाडि बढाउन प्रस्ताव तथा टिप्पणी पेस भएको फायलमा दस्तखत गरी पेश गरेको हो भनी बयान गरेको देखिन्छ। अदालतमा उपस्थित भई बयान गर्दा कसुर गरेकोमा ईन्कार गरी बयान गरेपनि बिशिष्ट व्यक्तिहरूको आवास बिस्तार गर्ने गुरूयोजनाको फाईल अगाडी बडाएको सम्दर्भमा अन्यथा भन्न सकेको अवस्था छैनन। बयानको क्रममा भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट काठमाण्डौ जिल्ला का.म.न.पा.४ बालुवाटार स्थित बिशिष्ट व्यक्तिहरूको सरकारी निवास भवन परिसर क्षेत्रको जग्गा प्राप्त गर्ने सम्बन्धी मिति २०६७।०१।२७ मा टिप्पणी सदर भएको फाईलमा मिति २०६७।०१।२६ मा सह- सचिवको हैसियतले गरेको हस्ताक्षर मेरो हो भनी सनाखत गरेका छन।मालपोत कार्यालय डिल्लीबजारमा दाखिल खारेजको लागि पठाउने गरि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रस्ताव पेश गर्नको निमित्त तत्कालिन मन्त्रीज्यूबाट मिति २०६७।१।३१ मा नेपाल सरकार मन्त्रीपरिषद्बाट प्रस्ताव स्वीकृत भए बमोजिम मालपोत कार्यलय डिल्लीबजारमा पठाईएको हो भन्ने समेत व्यहोराको बयान गरेका छन। यसरी मिसिल संलग्न कागज प्रमाणबाट यी प्रतिबादीले ललिता निवास क्याम्पभित्रको जग्गा अनाधिकृत व्यक्तिहरूलाई मोही कायम गरी सट्टा भर्ना गर्नको लागि गलत लिखत तयार गरेको कसूर पुष्टि भएको देखिन्छ। ललिता निवास क्याम्प भित्रको जग्गालाई बिशिष्ट व्यक्तिहरूको निवास बिस्तारको नाममा तयार गरेको प्रस्तावमा अन्य प्रतिबादीले गरेको कार्य कसुर कायम हुने सोही कार्य गरेकोमा यी प्रतिबादीको बदनियत नदेखिने भन्ने अर्थ लगाई गरेको विशेष अदालतको फैसला त्रुटिपूर्ण रहेको देखिन्छ। यसर्थ मिसिल सम्लग्न सवूद प्रमाणबाट उक्त फायल टिप्पणी उठाउने तथा निर्णयको प्रस्ताव तयार गर्ने अन्य प्रतिवादीहरुका हकमा उनै प्रमाणका आधारमा कसूर कायम हुने र यी प्रतिवादीका हकमा कसूर ठहर गर्न प्रमाण पुग्न नसक्ने भन्ने विशेष अदालतको उक्त फैसला प्रमाणको मुल्यांकनको रोहमा त्रुटिपूर्ण रहेको हुँदा उक्त फैसला बदरभागी रहेको छ।<br>• पशुपति टिकिन्छा गुठीको निर्णय प्रकृयामा सम्लग्न प्रतिवादीहरु र जग्गा प्राप्त गर्ने प्रतिबादीहरूको हकमा:-<br>• प्रतिबादी चन्द्रदेव जोशीको हकमा हेर्दा:- प्रतिबादी चन्द्रदेव जोशी भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६९।०२।०७ देखी ऐ ०६\०२ सम्म बिभागीय मन्त्री रहेको देखिन्छ यी प्रतिबादीलाई बिगो रू ७,०८,४८,०००।— कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड(ज), सोही ऐनको दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा(१) र दफा ३ को उपदफा (१) को खण्ड (झ),सोही ऐनको दफा ९ र दफा २४ बमोजिम सजाय गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा १७ बमोजिम बिगो असुल उपर\जफत हुन माग दावी लिई आरोपपत्र दायर गरिएको छ। यी प्रतिबादीलाई आरोपित दावीबाट सफाई दिने ठहर गरी फैसला भएको देखिन्छ। प्रतिबादी चन्द्रदेव जोशीले ललिता निवास क्याम्पभित्रको साविक हाँडिगाउँ मौजा हा.नं. ४५६ को लगत भिड्ने सरकारले कानून बमोजिम अधिग्रहण गरी सम्बन्धित जग्गा धनीहरूलाई कानून बमोजिमको सुनुवाईको मौका र उचित क्षतिपूर्ति समेत दिई प्राप्त गरी सरकारी स्वामित्वमा नै रहिरहेको समरजंग कम्पनीको नामको सरकारी जग्गाको लगत गैरकानूनी रूपमा कट्टा गरी अमुक गुठीको नाममा उनाउ व्यक्तिहरुका नाममा जग्गा दर्ता गरी सो जग्गामा उनाउ व्यक्तिहरूलाई मोही कायम गर्ने प्रयोजनको लागि मन्त्रिपरिषद्मा पेस गर्नको लागि प्रस्ताव तयार गरी आफु समक्ष पेश भएको प्रस्ताव विभागीय मन्त्रीको हैसियतले स्वीकृत गर्ने समेतका गैरकानूनी कार्य गरेको देखिन्छ।प्रस्ताव पेश गर्ने उक्त मन्त्रालयका सह-सचिव तेजराज पाण्डेलाई सजाय भएको देखिन्छ।प्रस्ताव तयार गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ब्यक्ति कर्मचारी भएको हुँदा उक्त कार्य कसुर भई सजाय हुने र उक्त प्रस्तावको अन्तिम स्वीकृत गर्ने ब्यक्ति राजनीतिज्ञ भएको कारण उन्मुक्ति पाउने भन्न मिल्ने समेत देखिदैन। सम्मानित अदालतबाट फैसला हुँदा प्रतिबादीले गुठी संस्थानको निर्णय बमोजिम प्रस्ताव मन्त्रिपरिषद्मा पेश गर्न स्वीकृति दिएको वा सोको लागि सहजिकरण सम्म गरेको देखियो भन्ने समेतको आधार लिई सफाई दिएको देखिन्छ। यी प्रतिबादीले बिभागीय मन्त्रीको हैसियतले उक्त प्रस्ताव स्वीकृत गर्नु पर्ने दायित्व रहेको भन्ने समेत व्यहोरा उल्लेख भएको देखिन्छ। प्रतिबादी चन्द्रदेव जोशीलाई सचिवले पेश गरेको प्रस्तावलाई स्वीकृत गर्नुपर्ने दायित्व रहेको भन्दैमा कानून विपरीत आएको प्रस्तावलाई स्वीकृत गर्नुपर्छ भन्ने होईन। कानून विपरीत आएको प्रस्तावलाई रोक्नु पर्ने दायित्व पनि यी प्रतिबादीमा निहित रहेको हुन्छ। बिभागीय मन्त्री भएको हुँदा मन्त्रालयगत गर्नु पर्ने हरेक कार्यको बैधताको जाँच गर्नु पर्ने जिम्मेवारी नरहेको भन्ने अर्थ लगाई सफाई दिन मिल्ने होईन। साथै प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा १७ मा ब्यवस्था भएको कानूनको  मकसद समेत त्यस्तो होईन। सम्मानित सर्बोच्च अदालतबाट समेत "मन्त्रिपरिषद् वा त्यसको कुनै समितिले सामूहिक रूपमा गरेको नीतिगत निर्णय बाहेक त्यस्तो निर्णय कार्यान्वयन प्रकृयामा अथवा सामूहिक रूपमा नगरिएको कुनै मन्त्रीले र मन्त्रिपरिषद्को नीतिगत निर्णय र कुनै मन्त्रीले अपनाएको विभागीय नीति वा निर्णय सम्बन्धमा पक्षपात, लापरवाही, मोलाहिजा, स्वेच्छाचारिता, वेवास्ता, ढिलासुस्ती, अक्षमता इत्यादी अख्तियार दुरूपयोगको विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मन्त्रिपरिषद्को सदस्य उपर कारवाही चलाउन दफा ४ को उपदफा (४) को ब्यबस्थाले बाधा नदिने हुँदा अरू बिबेचना गर्नु परेन" (ने.का.प.२०५३ नि.नं. ६२०५ ) भन्ने कानूनी सिद्धान्त प्रतिपादन भएको छ। उक्त प्रतिपादित सिद्धान्त बमोजिम यदि कुनै मन्त्रीले गरेको निर्णयमा लापरवाही मोलाहिजा,स्वेच्छाचारिता बेवास्ता अक्षमता ईत्यादी देखिएमा भ्रष्टाचारमा कारवाही हुने प्रष्ट ब्याख्या गरेको देखिन्छ। यी प्रतिवादीले मन्त्रीको हैसियतमा गरेको काम कारवाही एवं निर्णय फौजदारी कसूरको परिभाषा भित्र पर्ने स्पष्ट हुँदा यी प्रतिवादीले सफाइको आधार लिन सक्ने अवस्था देखिदैन। यी प्रतिवादी चन्द्रदेव जोशी विभागीय मन्त्रीको हैसियतमा गरेको काम कारवाही र नीतिगत निर्णयका विषयमा माथि प्रकरण नं.(ई)(बिशिष्ट ब्यक्तिहरूको निवास बिस्तार सम्बन्धी कार्यमा संलग्न प्रतिबादीहरुका हकमा (ग )मा विस्तृत रुपमा पुनरावेदन जिकिर लिईएको हुँदा उल्लिखित प्रकरणका पुनरावेदन जिकिर यी प्रतिवादीका हकमा पनि सप्रसँग लागू गरी न्यायनिरोपण हुनु पर्ने देखिन्छ।<br>• प्रस्तुत मुद्दामा यी प्रतिबादीले ललिता निवास क्याम्प भित्रको नगर २३(क्ष) मा पर्ने कि.नं. ७३ र २३(ह) मा पर्ने कि.नं. २२,३१ र ३५ का जग्गाहरूको चौहद्दी वा साबिक कि.नं. मिलेभिडेको नदेखिएको,राजगुठी वा पशुपति टिकिन्छा गुठीको लगत भिडने बैज्ञानिक आधार र कारण समेत पेश हुन नसकेको उक्त जग्गाहरूको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | फिल्डबुकमा राजगुठी वा पशुपति टिकिन्छा गुठी भन्ने जनिएको नदेखिएको,मोही भनिएका व्यक्तिहरूले साविकदेखि सालबसाली गुठीमा कुत बुझाएको नदेखिएको,सुबर्णशमशेर जबराको मिति २०१७।०३।१९ मा पारित र.नं. १५४७ क बण्डापत्रमा ललिता निवास कम्पाउण्ड भित्रको जग्गामा टिकिन्छा गुठी भन्ने उल्लेख भएको नदेखिएको अवस्था एकातर्फ देखिई रहेको र अर्कोतर्फ ललिता निवास क्याम्पभित्रको साविक हाडिगाँउ मौजा हा.नं. ४५६ को लगत भीड्ने सरकारले कानून बमोजिम अधिग्रहण गरी सम्बन्धित जग्गाधनीहरुलाई कानून बमोजिमको सुनुवाईको मौका र क्षतिपूर्ति समेत दिई प्राप्त गरी सरकारी स्वामित्वमा नै रहिरहेको सरकारी र बाटो तथा राजकुलो समेतका सरकारी सार्बजनिक जग्गा हो भन्ने कुरा जानी बुझी गैरकानूनी लाभ लिई मोहीका हकवाला हुँ भनी दावी गर्ने व्यक्तिहरूले गुठी कायम गरी जग्गाधनी दर्ता प्रमाण पुर्जा पाऊ भनी गुठी संस्थानमा दिएको निबेदनको आधारमा टिप्पणी उठाउदै नेपाल सरकारमा प्रस्ताव पेश गर्ने प्रयोजनार्थ पेश भएको प्रस्तावलाई यी प्रतिबादीले समेत सरकारी स्वीकृत गरी मन्त्रिपरिषद्मा पेश गर्ने स्वीकृति प्रदान गरेको देखिन्छ। टिप्पणी पेश गर्ने तह तहका कर्मचारीले उक्त प्रस्ताव तयार गरेको आधारमा नेपाल सरकालाई प्रत्यक्ष हानि नोक्सानी तथा व्यक्ति बिशेषलाई प्रत्यक्ष लाभ पुऱ्याउने बद्नियत रहेको भनी सजाय भएको देखिन्छ। उक्त टिप्पणी प्रस्तावलाई मन्त्रिपरिषद्मा पेश गर्नलाई स्वीकृत गर्ने अन्तिम अधिकारीले उन्मुक्ति पाउने भन्ने फैसला न्यायोचित देखिदैन। मन्त्रिपरिषद्मा पेश गर्नको लागि प्राप्त प्रस्ताव कानून बमोजिम भए नभएको जाँच गरी कानून बमोजिम भएमा मात्र उक्त प्रस्ताव मन्त्रिपरिषद्मा पेश गर्नको लागि स्वीकृत गर्ने नैतिक एवं कानूनी दायित्व यी प्रतिबादीमा देखिन्छ। सम्मानित सर्वोच्च अदालतबाट "प्रचलित कानून विपरीत नहुने र कसैको हक अधिकारबाट हनन नहुने काम बाहेक मन्त्रिपरिषद्ले वा मन्त्रीले अन्य सम्पूर्ण नीतिगत निर्णय गर्न सक्छन। तर यसमा बिवाद हुदैन तर मन्त्रिपरिषद् वा मन्त्री कार्यकारी अधिकार सम्पन्न र नीतिगत निर्णय गर्न सक्षम भएपनि मन्त्रिपरिषद् वा मन्त्रीले गर्ने निर्णय कानून अनुकुल, तर्कसँगत,जायज,मनासिव र कारणले समर्थित हुनुपर्छ। यदि मन्त्रिपरिषद्को वा मन्त्रीको कुनै निर्णयलाई समर्थन गर्न कानूनी आधार छैन भने त्यस्तो निर्णय यस अदालत समक्ष संबैधानिक परीक्षण हुँदा अड्न सक्दैन" ( ने.का.प. २०६७ अंख ६ नि.नं. ८३९२) भन्ने सिद्धान्त प्रतिपादन भएको छ। यसरी मन्त्रीले गरेको हरेक कार्य कानून सम्मत, जायज र मनासिव हुनु पर्ने हुन्छ।यदी कानून विपरीत भएमा सर्वोच्च अदालतले त्यस्तो कार्यलाई बदर गर्न सक्ने अधिकार राख्न सक्ने भनी ब्याख्या भएको देखिन्छ।वास्तबमा अनुचित लाभ लिए दिएको आधारमा मात्र बदनियतको बिद्यमानता पुष्टि हुने नभई बस्तुगत रूपमा तथ्यगत परिस्थिति( objective factual circumstance ) का आधारमा पनि बदनियतको बिद्यमानता पुष्टि हुन सक्छ। प्रचलित कानून विपरीत कार्यकारिणी निर्णयबाट सरकारी सार्बजनिक जग्गालाई अस्तित्वमा नै नरहेको टिकिन्छा गुठीको नाममा कायम गरी उक्त जग्गामा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | उनाउ व्यक्तिलाई मोही कायम गरी सरकारी जग्गा व्यक्ति बिशेषलाई उपलब्ध गराई व्यक्ति तथा आफुलाई फाईदा हुने गरी तयार गरिएको प्रस्तावलाई बिना अध्ययन कानून विपरीत स्वीकृत गर्ने कार्य आफैमा बदनियत पुष्टि गर्ने तत्व रहेको देखिन्छ। प्रतिबादी चन्द्रदेव जोशीले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा मिति २०६९।६।१८ मा भएको नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न मन्त्रीको हैसियतले स्वीकृत गरेको उक्त दस्तखत मेरो हो। आफ्नै मन्त्रालयको सचिव दिनेश अधिकारीले कानून सम्मत भनी राय दिएको हुँदा नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न स्वीकृत दिएको भनी बयान गरेका छन। प्रतिबादी चन्द्रदेव जोशी बिभागीय मन्त्री भएको हुँदा निजले गरेको बिभागीय कार्यको निजले उत्तरदायित्व बहन गर्नु पर्छ । प्रतिबादी चन्द्रदेव जोशीले कर्मचारीले कानून बमोजिमको छ भनी भनेको आधारमा सही गरेको हो भनी आफुले गरेको कार्यबाट उन्मुक्ति पाउने अथवा आफ्नो उत्तरदायित्वबाट पन्छीन मिल्ने हुदैन। यसर्थ यी प्रतिबादी समेतको मिलोमतोमा उक्त प्रस्ताव तयार गरी स्वीकृत गरी मन्त्रिपरिषद्मा पेस गरेको भन्ने मिसिल संलग्न कागज प्रमाणबाट देखिदा देखिदै बदनियत पूर्वक मन्त्रिपरिषद्को बैठकमा प्रस्ताब पेश गरेको देखिएन भन्ने समेत आधार लिई गरेको फैसला मिसिल संलग्न तथ्य प्रमाण आरोपित कानूनी व्यवस्थाको अबलम्बन बिश्लेशण र प्रतिपादित ब्याख्याको प्रतिकुल हुँदा उक्त फैसला त्रुटिपूर्ण रही बदारभागी रहेको छ।<br>• प्रतिबादी दिनेशहरि अधिकारीका हकमा:- प्रतिबादी दिनेशहरि अधिकारीलाई बिगो रु ७,०८,४८,०००।— कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज),सोही ऐनको दफा ९ र १७ बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ), सोही ऐनको दफा ९ र दफा २४ बमोजिमको थप सजाय गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा १७ बमोजिम बिगो असुल उपर जफतको माग दावी सहितको आरोप दावी लिईएको छ। श्री बिशेष अदालतबाट यी प्रतिवादीलाई सफाई दिने गरी फैसला भएको अवस्था छ।प्रतिबादी दिनेशहरि अधिकारी मिति २०६८ देखि २०६९ सम्म तत्कालीन भूमिसूधार तथा व्यबस्था मन्त्रालयका सचिव रहेको देखिन्छ।यी प्रतिबादीले भिड्दै नभिडेको उनाउ लगतको आधारमा सरकारी जग्गा गुठीको नाममा कायम गर्न स्वीकृतिको लागि भनी गुठी संस्थानबाट भूमिसुधार तथा व्यबस्था मन्त्रालयमा पेश भएको फाईलमा उल्लिखित ३० रोपनी जति जग्गा प्रधानमन्त्री निवास बिस्तारमा परिसकेको भनी साविक हाँडिगाउँ मौजा हा.नं. ४५६ को लगत भिडने ललिता निवास क्याम्पभित्रको तत्कालीन सरकारले जग्गा प्राप्ति ऐन अनुसारको प्रक्रिया पूरा गरी अधिग्रहण गरेका बिभिन्न कित्ता जग्गाहरू मध्ये जिल्ला काठमान्डौ नगर २३ क्ष कि.नं. ७३,ऐ.ऐ. वडा नं. २३ ह कि.नं.२२,३१ र ३५ का |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | जग्गाहरूको नेपाल सरकार समरजंग कम्पनीको नामको जग्गाधनी दर्ता श्रेस्ता खारेज गरी पशुपति टिकिन्छा गुठी कायम गर्ने स्वीकृतिका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न भनी आफु समक्ष पेश भएको राय सहितको टिप्पणिलाई ग्रहण गरी निर्णय गरेको देखिन्छ। उक्त निर्णय गरेपछि यी प्रतिबादीले सोही बमोजिमको प्रस्ताव मन्त्रिपरिषद्मा पेश गरेको तथ्यमा विवाद छैन। जसको कारण मन्त्रिपरिषद्बाट उक्त जग्गा टिकिन्छा गुठीको नाममा कायम भई उक्त जग्गामा मोही कायम हुने भन्ने निर्णय भएको छ। यसरी प्रतिबादी दिनेशहरि अधिकारीले ललिता निवास क्याम्पभित्रको साविक हाँडिगाउँ मौजा हा.नं. ४५६ को लगत भिड्ने सरकारले कानून बमोजिमको सुनुवाईको मौका र उचित क्षतिपूर्ति समेत दिई अधिग्रहणबाट तत्कालीन जग्गा प्राप्ति ऐन नियम बमोजिमको कार्यविधि पूरा गरी प्राप्त गरिएको सरकारी स्वामित्वमा नै रहिरहेको समरजंग कम्पनीको नामको सरकारी जग्गाको लगत भित्रको जग्गा हो भन्ने तथ्यको स्पष्ट जानकारी हुँदा हुँदै आफूहरुलाई गैरकानूनी लाभ र सरकारलाई गैरकानूनी हानि नोक्सानी हुने गरी बदनियतपूर्वक गैरकानूनी रूपमा लगत कट्टा गरी अमुक गुठीको नाममा जग्गा दर्ता गरी सो जग्गामा उनाउ व्यक्तिहरूलाई मोही कायम गर्ने प्रयोजनको लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्नको लागि झुट्टा तथ्य सहितको गलत लिखत तयार गर्ने र उक्त दुषित प्रस्ताव निर्णयको लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने समेतका गैरकानूनी कार्य गरी गराई नेपाल सरकारलाई प्रत्यक्ष हानिनोक्सानी र व्यक्ति बिशेषलाई प्रत्यक्ष फाईदा हुने कार्य गरेको पुष्टि भईरहेको छ । यी यस्ता उल्लिखित सवूद प्रमाण र बदनियत पूर्वकका कसूरजन्य कार्यको विशेष अदालतबाट कुनै अध्ययन विश्लेषण तथा विवेचना नगरी उही कार्य गर्ने उही दर्जाको एक व्यक्ति कसूरदार ठहर गर्ने र उही कार्य गर्ने यी प्रतिवादीलाई सफाई दिने गरी भएको विशेष अदालतको फैसला न्यायको रोहमा विभेदपूर्ण एवं बिचलित हुँदा बदरभागी छ।<br>• नेपाल सरकार (कार्यसम्पादन) नियमावली २०६४ को नियम २१ को उपनियम (१) अनुसार "अनुसूची -१ मा उल्लिखित विषयहरूको निर्णय गर्दा त्यस्ता विषय निर्णय गर्न मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्नु पर्नेछ। उपनियम (१) अन्तर्गतका विषयहरू मन्त्रिपारिषद्को निर्णयको लागि पेश गर्दा सम्बन्धित मन्त्रालयको प्रमुख प्रशासकीय पदाधिकारी रहने एवं मन्त्रालयको कामको विषयमा सचिव जिम्मेवार रहने कानूनी व्यवस्था रहेको देखिन्छ। कानून र कार्यविधिका यी प्रवन्धलाई विशेष अदालतबाट न्यायिक रोहमा फैसलामा कुनै विवेचना भएको अवस्था देखिदैन। सचिवको जिम्मेवारी र उत्तरदायित्व हेर्दा सचिवले मन्त्रिपरिषद्मा पेश गरेको प्रस्ताव आफैमा मन्त्रालयको सचिवको निर्णय मान्नुपर्छ। सचिवले देशको कार्यकारिणी समक्ष लगिने हरेक प्रस्तावको जिम्मेवारी, उत्तरदायित्व र जवाफदेहिताबाट उन्मुक्ति प्राप्त गर्न सक्दैन। सचिवको प्रस्ताव बमोजिम गर्ने भनी मन्त्रिपरिषद्बाट निर्णय गरिने परम्परा समेतका आधारमा सचिवको प्रस्ताव अन्तिम प्रशासनिक निर्णय मान्नु पर्छ भनी सम्मानित अदालतबाट यसै मुद्दामा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ब्याख्या गरी अन्य प्रतिबादीलाई सजाय समेत गरेको देखिदा उक्त ब्याख्या यी प्रतिबादीको हकमा लागु नहुने भन्ने ब्याख्या गरी सफाई दिन मिल्ने देखिदैन। उही काम, उही कानूनी व्यवस्था र उही न्यायिक सिद्धान्त एउटै पद र हैसियतका अलग अलग व्यक्तिका हकमा कसरी दायित्व फरक हुन सक्छ। न्याय सबैका लागि प्रिय हुन्छ। सत्य एउटै हुन्छ। न्यायिक अधिकारीमा फैसला गर्दा यस प्रकारको बिचलनले न्यायपालिका प्रति जनअस्था घट्छ। साथै समरजंग कम्पनीको नामको सरकारी जग्गाको लगत गैरकानूनी रूपमा कट्टा गरी अमुक गुठीको नाममा जग्गा दर्ता गर्ने प्रयोजनको लागि लिखत तयार गर्ने सहसचिव तेजराज पाण्डेलाई सजाय गरी सोही प्रस्ताव स्वीकृत गरी मन्त्रिपरिषद्मा पेश गर्ने प्रतिबादी दिनेशहरि अधिकारीलाई सफाई पाउने भनी ब्याख्या गरी सफाई दिन मिल्ने देखिदैन। प्रतिबादी दिनेशहरि अधिकारीले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा मिति २०६९।०४।०९ मा तयार गरिएको प्रस्तावमा भएको दस्तखतलाई सनाखत गरी कार्य कसूर स्वीकार गरेको अवस्था छ। सम्मानित अदालतमा उपस्थित भई बयान गर्दा मिति २०६९।०४।०९ मा तयार गरिएको प्रस्तावमा भएको दस्तखत मेरो हो। गुठी संस्थानले पशुपति टिकिन्छा गुठीको जग्गा हो भनी आधार र कारण सहित पठाएको र तहगत जिम्मेवारीमा रहेका म मातहत महाशाखा प्रमुख समेतले त्यसलाई मनासिब ठानेको अवस्थामा मैले अन्यथा सोच्न मिल्दैन। अनुसन्धान र निर्णय गर्ने अधिकार भएको गुठी संस्थानले दर्ता सच्चाई समरजंग कम्पनीको नाममा रहेको जग्गा पशुपति टिकिन्छा गुठीको हो भनी आधार र कारणहरू उल्लेख गरी पठाएको मिसिल फायल मन्त्रालय आएपछि शाखा,महाशाखाले आवश्यक अध्ययन र छानविन गरेपछि म समक्ष पेश भएको र मैले तिनै कागजात र रायका आधारमा आफ्नो राय लेखि मन्त्रिपरिषद्मा पेश गरेको हो भनी बयान गरेपनि सचिव जस्तो जिम्मेवार पदमा रहेको ब्यक्तिले कानून विपरीत पेश भएको प्रस्तावलाई रोकी फिर्ता पठाउनु कानूनी जिम्मेवारी तथा कर्तब्य भएको ब्यक्तिले जस्तो प्रस्ताव पेश भयो सोही बमोजिम नै पेश गरेको भन्नु ले नै यी प्रतिबादीले अन्य प्रतिबादीसँग मिलोमतो गरी सरकारी सार्बजनिक सम्पत्तिको जग्गा भन्ने जान्दा जान्दै अस्तित्व नै नरहेको गुठी टिकिन्छा गुठीको नाममा दर्ता गरी उनाउ ब्यक्तिलाई मोही कायम गरी जग्गा दर्ता गरेको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिदा प्रतिबादीको बदनियत निजको कार्यबाट पुष्टि भईरहेकै छ। गुठीको जग्गामा मोही कायम गरिएको विषयमा निबदेन लिने,अनुसन्धान गर्ने र निर्णय गर्ने अधिकार गुठी संस्थानको रहेकोमा यी प्रतिवादी जानकार रहेको, ललिता निवास क्याम्पभित्रको साविक हाडिगाँउ मौजा हा.नं. ४५६ को लगत भीड्ने सरकारले कानून बमोजिम अधिग्रहण गरी सम्बन्धित जग्गाधनीहरुलाई कानून बमोजिमको सुनुवाईको मौका र क्षतिपूर्ति समेत दिई प्राप्त गरी सरकारी स्वामित्वमा नै रहिरहेको सरकारी र बाटो तथा राजकुलो समेतका सरकारी सार्बजनिक जग्गा भन्ने तथ्यको पनि यी प्रतिवादीमा हेक्का रहेको हुँदा हुँदै गुठी संस्थानले पशुपति |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | टिकिन्छा गुठीको जग्गा हो भनी पठाएको र तहगत जिम्मेवारीमा रहेका मातहतका महाशाखा प्रमुख समेतले त्यसलाई मनासिव ठानेको अवस्थामा अन्यथा सोच्न मिलेन भनी भनेकै आधार सफाईको आधार बन्न सक्तैन। किनकी उक्त प्रस्ताव पेश गर्ने महाशाखा प्रमुख सहसचिव तेजराज पाण्डेले उक्त प्रस्तावमा सही गरी पेश गरेको आधारमा बदनियत पुष्टि भई सजाय हुने र यी प्रतिबादीलाई सोही प्रस्तावको अन्तिम निर्णय गरी मन्त्रिपरिषद्मा पेश गर्ने पदाधिकारीलाई उन्मुक्ति दिन मिल्ने होईन। यी प्रतिबादी समेतले आफु समक्ष पेश हुन आएको प्रस्ताव कानून बमोजिम भए नभएको जाँच बुझ गरी मात्र उक्त प्रस्तावलाई स्वीकृत गरी बिभागीय मन्त्रीकोमा पेश गरी तत्पश्चात मात्र मन्त्रिपरिषद्मा पेश गर्ने कानूनी दायित्व यी प्रतिबादीमा रहने हुँदा उक्त दायित्वबाट पन्छिन मिल्दैन। निजले गरेको हरेक कार्यको निजले नै उत्तरदायित्व बहन गर्नु निजको कानूनी कर्तब्य रहन्छ। यसरी कार्यकारिणि सर्बोच्चताको आड लिएर मन्त्रिपरिषद्को सामूहिक निर्णयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्ने क्षेत्राधिकार नपुग्ने कानूनी रक्षा कवच उपयोग गर्दै प्रशासनिक निर्णयबाट कानूनी हक सिर्जना गरेबाट समेत प्रशासनिक तहमा रहेका प्रतिबादी दिनेशहरि अधिकारीले गरेको कार्यको राष्ट्रसेवकको बदनियत पुष्टि भएको मिशिल संलग्न कागजबाट देखिदा देखिदै सफाई दिने गरी भएको विशेष अदालतको उक्त फैसला भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज),दफा ९ र दफा १७  र दफा २४ को कानूनी ब्याख्या विश्लेषण, मिसिल सम्लग्न सवूद प्रमाण, प्रतिवादीहरु बीच विशेष अदालतले गरेको सवूद प्रमाणहरुको विभेदकारी मूल्याङ्कन विश्लेषण तथा फैसला आधारबाटै यी प्रतिवादीका हकमा भएको फैसला सरासर त्रुटिपूर्ण रही बदरभागी रहेको छ ।<br>• प्रतिबादीहरू हरिबोल आचार्य, रामेश्वर विडारी,  हेमराज सुबेदी, तेजराज पाण्डे, तुलसी पोखरेल, हरिप्रसाद जोशी, नवराज पौडेल,जयप्रसाद रेग्मी,शैलेन्द्र पौडेल,फणिन्द्र प्रसाद दाहाल,मणिकुमारराना,बद्रि बहादुर कार्की, लक्ष्मीनारायण उप्रेती, दिनेश प्रसाद शर्माका हकमा:-प्रतिबादीहरू हरिबोल आचार्य,रामेश्वर विडारी,सेवन्तराज चापागाई,हेमराज सुबेदी,तेजराज पाण्डे,तुलसी पोखरेल,हरिप्रसाद जोशी,बलिराम प्रसाद तेली, दिलिप कुमार भट्ट, नवराज पौडेल,जयप्रसाद रेग्मी,शैलेन्द्र पौडेल,फणिन्द्र प्रसाद दाहाल,मणिकुमार राना,बद्रि बहादुर कार्की, लक्ष्मीनारायण उप्रेती,दिनेश प्रसाद शर्मालाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(१)(ज) बमोजिमको कसुर गरेको ठहर गरी एक बर्ष कैद र बिगो रू ४१,६७,५२९।४१ जनही जरिवाना तथा गुठी कायम भई नयाँ नापी बमोजिम हाल साविक गरी हक हस्तान्तरण समेत गरेको देखिएकोले सो जग्गाहरू नेपाल सरकारको नाममा यथावत स्वामित्व कायम हुने गरी जफत हुने ठहर गरी फैसला भएको देखिदाँ सो हदसम्म यी प्रतिवादीहरुका हकमा पुनराबेदन जिकिर लिईरहन परेन। उल्लिखित प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज) र सोही ऐनको दफा १७ बमोजिमको कसुरमा बिगो रू. |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ७,०८,४८,०००।–बिगो कायम गरी प्रतिबादी मध्येका तुलसी पोखरेलको मृत्यु भएको हुँदा मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा १३३ वमोजिम सजाय नहुने भएकोले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा(१) र दफा १७ बमोजिम बिगो असुल उपर गर्ने प्रयोजन र अन्य प्रतिबादीहरूको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिमको सजाय गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा १७ बमोजिम बिगो असुल उपर \जफत हुन माग दावी लिई बिशेष अदालतमा आरोपपत्र दायर गरिएको हो।साथै मृत्यु भइसकेका प्रतिबादीको हकमा निजहरू उपर ठहर भएको कैद तथा जरिवानाको लगत राखी मृत्यु भएको कारण लगत कट्टा हुने ठहर भएको देखिन्छ।यी प्रतिबादीहरूले ललितानिवास क्याम्प भित्रको साविक हाँडिगाउँ मौजा हा.नं. ४५६ को लगत भिड्ने सरकारले कानून बमोजिम अधिग्रहण गरी सम्बन्धित जग्गाधनीहरूलाई कानून बमोजिमको सुनुवाईको मौका र क्षतिपूर्ति समेत दिई तत्कालीन मौजुदा जग्गा प्राप्ति ऐन नियम बमोजिम जग्गा प्राप्त गरेको र सरकारी स्वामित्वमा नै रहिरहेको समरजंग कम्पनीको नामको जग्गाधनी श्रेस्ताको लगत कट्टा गरी उनाउ टिकिन्छा गुठीको नाममा गैरकानूनी रूपमा नामसारी दर्ता गरी –गराई अनाधिकृत व्यक्तिहरूको नाममा मोही कायम गरी नेपाल सरकारलाई प्रत्यक्ष हानिनोक्सानी तथा ब्यक्ति बिशेषलाई प्रत्यक्ष लाभ पुऱ्याउने कार्य गरी भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि भएको छ।यसरी हुँदै नभएका तथ्य गुठी संस्थानका प्रशासक एवं कर्मचारीहरुले मालपोत कार्यालय तथा नापी कार्यालय समेतका कर्मचारी एवं मन्त्रालय सम्मका पदाधिकारी कमर्चारी प्रतिवादीहरुले एक आपसको मिलेमतोमा उजागर गरी गराई निर्णय गर्ने गराउने तथा गुठी र मालपोत कार्यालय बीच पत्राचार गर्ने गराउने कसूरजन्य काम भएको तथ्य आफैमा प्रष्ट छ।यि यस्ता तथ्य र सो तथ्य पुष्टी गर्ने सवूद प्रमाणको न्यायोचित विश्लेषण नगरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण छ।<br>• यी प्रतिबादीहरूले अन्य प्रतिबादीहरूसँग मिलोमतो गरी पवित्र उद्देश्यले खडा भएको गुठीको महत्व र पवित्रतालाई रक्षाकवच बनाई निजी स्वार्थ सिद्धीका लागि नापीका बखत भरिएको क्षेत्रीय दर्ता किताव वा फिल्डबुकमा गुठी भनेर उल्लेख नै नभएको ललिता निवास क्याम्प भित्रको समग्र जग्गाहरु नेपाल सरकारले अधिग्रहण गरिसकेका नेपाल सरकारको स्वामित्वमा आएको ललितानिवास क्याम्प भित्रको नेपाल सरकार समरजंग कम्पनीको नाउँमा दर्ता कायम रहेको जग्गाधनी दर्ता श्रेस्ता कट्टा गरी जे जसरी भएपनि गुठीको श्रेस्ता कायम गर्ने र मोहीको हकदार हौं भनी आएका व्यक्तिहरूलाई गैरकानूनी लाभ लिई दिई दिलाई मोहीयानी हकको प्रमाणपत्र दिने दिलाउने उदेश्यले सोचि सम्झि गरेको प्रपन्चयुक्त कसूरजन्य कार्यले नेपाल सरकारलाई प्रत्यक्ष हानि नोक्सानी पुगेको र ब्यक्ति बिशेषलाई प्रत्यक्ष गैरकानूनी फाईदा वा लाभ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | पुगेको देखिदा आरोप माग दावी बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा आरोप माग दावी बमोजिम ऐनको दफा ८(१) र दफा १७ बमोजिम उल्लिखित प्रतिवादीहरुलाई सजाय गर्नु पर्नेमा दफा ८(१) बमोजिम सजाय गरेको विशेष अदालतको फैसला सो हदसम्म त्रुटिपूर्ण रही बदरभागी रहेको छ।<br>• प्रतिबादी सेमन्तराज चापागाई,वलिराम प्रसाद तेली र दिलिप कुमार भट्टका हकमा: - प्रतिबादी सेवन्तराज चापागाई,वलिराम प्रसाद तेली र दिलिप कुमार भट्टलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज) र सोही ऐनको दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ) र दफा २४ बमोजिमको थप सजाय गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा १७ बमोजिम बिगो असुल उपर\ जफत हुन समेतको माग दावी लिई सम्मानित बिशेष अदालतमा आरोपपत्र दायर गरिएको हो। उल्लिखित प्रतिवादीहरुका हकमा विशेष अदालतबाट फैसला हुँदा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज) बमोजिमको कसुरमा निज प्रतिबादीहरूलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम जनही १ बर्ष कैद र कुल बिगो रू ७,०८,४८,०००।–लाई दामासाहीले हुने जनही रू ४१,६७,५२९।४१ जरिवाना हुने तथा गुठी कायम भई नयाँ नापी बमोजिम हाल साविक गरी हक हस्तान्तरण समेत गरेको देखिएकोले सो जग्गाहरू नेपाल सरकारको नाममा यथावत स्वामित्व कायम हुने गरी जफत हुने ठहर गरी फैसला भएको छ।उल्लेखित प्रतिवादीहरुका हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र दफा २४ बमोजिम थप सजाय गर्नु पर्नेमा फैसलामा सो मागदावीका विषयमा कुनै विवेचना नै नगरी कसूर ठहर नगरी एवं थप सजाय हुनु नपर्ने कुनै कुरा नबोली भएको विशेष अदालतको सो हदसम्मको त्रुटिपूर्ण फैसला बदर भागी रहेको छ।<br>• माथि उल्लिखित प्रतिबादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर कायम गरी सजाय भएको अवस्था छैन। उक्त दफा १७ को कसुर कायम हुन सरकारी सम्पत्ति हिनामिनाको कार्य राष्ट्रसेवकले गरेको देखिएको,सरकारी सम्पत्ति वास्तविक सम्पत्ति रहेको देखिएको, सम्बन्धित सम्पत्ति संरक्षण गर्ने राष्ट्रसेवकको ओहोदाको कर्तव्य रहेको तथ्यमा विवाद नभएको, ललिता निवास क्याम्पभित्रको सरकारी सम्पत्ति हिनामिना, हानि नोक्सानी वा दुरुपयोग गरे गराएको वा निजी प्रयोगमा लगाएको देखिएको, राष्ट्रसेवकले अनुचित लाभ लिने वा दिने वदनियत गरेको देखिएको, वदनियत पुष्टि हुन प्रतिवादीहरुले गैरकानूनी लाभ लिएको वा दिएको देखिएको भन्ने कसुरजन्य कार्य(Actus reus)मिसिल सम्लग्न सवूद प्रमाणबाट व्यक्ति विशेष कसैको हक नपुग्ने उक्त जग्गा प्रतिवादीहरुको एक आपसको मिलेमतोबाट विभिन्न व्यक्ति विशेषको नाममा दर्ता गरी हक हस्तान्तरण भएको माथि उल्लिखित सवूद प्रमाणबाट देखिएकै छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रतिबादीहरूले अन्य प्रतिबादीहरू सँग मिलोमतो गरी पवित्र उद्देश्यले खडा भएको गुठीको महत्व र पवित्रतालाई रक्षा कवच बनाई निजी स्वार्थ सिद्धिका लागि नापीका बखत भरिएको क्षेत्रीय दर्ता किताव वा फिल्डबुकमा गुठी भनेर उल्लेख नै नभएको ललितानिवास क्याम्प भित्रको समग्र जग्गाहरु नेपाल सरकारले अधिग्रहण गरि सकेका नेपाल सरकारको स्वामित्वमा आएको ललिता निवास क्याम्प भित्रको नेपाल सरकार समरजंग कम्पनीको नाउँमा दर्ता कायम रहेको जग्गाधनी दर्ता श्रेस्ता कट्टा गरी जे जसरी भएपनि गुठीको श्रेस्ता कायम गर्ने र मोहीको हकदार हौं भनी आएका व्यक्तिहरूलाई मोहीयानी हकको प्रमाणपत्र दिने दिलाउने उदेश्यले सोचि सम्झि गरेको प्रपन्चयुक्त कार्यले नेपाल सरकारलाई प्रत्यक्ष हानि नोक्सानी पुगेको र ब्यक्ति बिशेषलाई प्रत्यक्ष फाईदा वा लाभ पुगेको देखिँदा उल्लिखित कसुरजन्य कार्य उल्लिखित प्रतिवादीहरुले गरेको र सो कार्य बदनियतपूर्वक आफ्नो ओहोदाको वा सोसम्बन्धी कर्तव्य पालन नगर्दा परिणाम स्वरुप गुठी कायम गरी हालसाविक गरी हक हस्तान्तरण भएको सवूद प्रमाणबाट देखिन्छ।<br>• "राष्ट्रसेवक कर्मचारीले आफूलाई प्राप्त अधिकारको दुरुपयोग गरी आफू वा अरु कसैलाई गैरकानूनी रुपमा लाभ पुर्याउने र सरकारी स्वामित्व भएको सार्वजनिक संस्थानलाई गैरकानूनी रुपमा हानि नोक्सानी पुर्याउने गरी गरेको कार्य तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) तथा १३ मा भएको भ्रष्टाचारजन्य कसुरको परिभाषा अन्तर्गत पर्ने भनी"साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ हालको प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को सम्बन्धमा पुनरावेदक पदमनाथ पोखरेल वि नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा व्याख्या भएको देखिन्छ। (नेकाप २०६८ अंक ४ नि.नं. ८५९०)। उक्त व्याख्या प्रस्तुत मुद्दामा समेत सान्दर्भिक भएको देखिँदा उल्लिखित कानूनी व्यवस्था र कानूनी व्याख्याको प्रतिकूल यस मुद्दाका प्रतिवादीहरुको कसूरजन्य कार्य दफा १७ अन्तर्गतको समेत पुष्टी हुँदा हुँदै कसुर ठहर नगरेको विशेष अदालतको फैसला त्रुटीपूर्ण छ। साथै प्रतिबादी दिलिप कुमार भट्ट गुठी संस्थानको कायम मुकायम गुठी प्रशासकको जिम्मेवारीमा रहेको देखिन्छ। बलिराम प्रसाद तेली गुठी संस्थानका गुठी प्रशासक र सेमन्तराज चापागाई गुठी संस्थान केन्द्रीय कार्यालय त्रिपुरेश्वरका गुठी प्रशासक रहे भएको र निजहरु कसूरमा सम्लग्न रहेको कुरामा कुनै विवाद छैन। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ मा संवैधानिक अङ्ग वा निकायका पदाधिकारी, राष्ट्रपतिबाट मनोनयन नियुक्त हुने पदाधिकारी,नेपाल सरकारका बिशिष्ट श्रेणी वा सो सरहका पदाधिकारी,सार्वजनिक संस्थाका प्रमुख महाप्रबन्धक वा सो सरहका पदाधिकारीले यस परिच्छेद अन्तर्गतका कसुर गरेमा निजलाई त्यस्तो कसुरमा हुने सजायमा थप तीन बर्षसम्म कैद सजाय हुन्छ भन्ने स्पष्ट कानूनी व्यवस्था भएकोमा यी प्रतिबादी सार्वजनिक संस्थाका प्रमुख महाप्रबन्धक वा सो सरहका पदाधिकारी भएको देखिदा देखिदै दफा २४ बमोजिम थप सजाय गर्नै पर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कानूनको अनिवार्य पालना गरी सजाय थप गर्नुपर्नेमा सो तर्फ केही नबोली प्रचलित वाध्यकारी कानूनी व्यवस्थाको अनदेखा गरेको देखिन्छ। तसर्थ दफा २४ को थप कसुर कायम नगरी थपसजाय नगरी जरिवाना समेत जनही गर्नु पर्नेमा दामासाहीले गरी गरेको उक्त फैसला कानूनतः त्रुटीपूर्ण रही बदरभागी रहेको छ।<br>• प्रतिबादी संजय कुमार महर्जन, श्रीमती मोहन महर्जन, सकुलानन्द महर्जनका हकमा:- यी प्रतिबादी संजय कुमार महर्जनलाई २ बर्ष कैद र रू २७,३६,०००।— जरिवाना हुने,मोहन महर्जनलाई २ बर्ष कैद र २,६२,०८,०००।— जरिवाना हुने र सकुलानन्द महर्जनलाई २ बर्ष कैद र २७,३६,०००।— जरिवाना हुने भनी फैसलाको तपशिल खण्डमा उल्लेख गरेको देखिन्छ।यी प्रतिबादीहरुले कुन ऐन अनुसारको कुन दफा अनुसारको कसुर गरेको भनी फैसलाको ठहर खण्डमा व्याख्या विश्लेषण नगरिएको भएतापनि यी प्रतिबादीहरुले कसुर गरेकोमा सम्मानित अदालतबाट सजाय निर्धारण गरी तपशिल खण्डमा उल्लेख गरेको हुँदा यी प्रतिवादीहरु पनि कसूरदार ठहर भएकै कारण सो सजाय निर्धारण भएको  हदसम्म पुनराबेदनको रोहमा जिकिर लिईरहनु परेन।यी प्रतिवादीहरु कसूरदार हुँदा नै सजाय हुने भएकोले सो हदसम्म पुनराबेदन जिकिर लिईएको छैन। यद्यपी उक्त फैसला गर्दा सम्मानित अदालतबाट फैसलाको ठहर खण्डमा यी प्रतिबादीले के कुन कानूनको उल्लंघन गरी के कुन कानून अनुसार सजाय हुने भन्ने कुनै बिबेचना नै नगरी तपशिल खण्डमा मात्र उल्लेख गरेको देखिदा प्रतिबादीले गरेको कसुरको उल्लेख नगरी फैसलाको ठहर खण्डमा बिबेचना नगरी तपशिल खण्डमा मात्र उल्लेख गर्नु कानूनी त्रुटिरहेको देखिन्छ।जहाँसम्म यी प्रतिबादीहरुलाई फैसलाको ठहर खण्डमा केही उल्लेख नगरेको सन्दर्भ छ फैसलाको तपशिल खण्ड मुख्यतय ठहर खण्डमा ठहर भएको सजाय कार्यान्वन गर्न सहजीकरण गर्नको लागि उल्लेख गरेको खण्ड हो। ठहर खण्डमा उल्लिखित व्यहोरालाई सरलिकरण गरी उल्लेख गरी फैसला कार्यान्यवन गर्न सहज होस भनेर उल्लेख गरिन्छ। ठहर खण्डमा उल्लेख नभएको सजाय तपशिल खण्डमा उल्लेख भएकै आधारमा कार्यान्वन गर्न मिल्ने देखिदैन। ठहर खण्ड नै फैसलाको मुटु हो सोही आधारमा तपशिल खण्डमा उल्लेख गर्ने हो। सम्मानित सर्बोच्च अदालतबाट समेत फैसलाको तपशिल खण्डमा उल्लेख नगरेको विषय तपशिल खण्डमा उल्लेख गर्न नमिल्ने भनी सिद्धान्त प्रतिपादन भएको छ "फैसलाको ठहर खण्ड नै अदालतको निर्णय हो सो निर्णयलाई कार्यान्वयन गर्न तथा निर्णयबाट स्वभाविक रूपमा निस्कने कोटफी,फिर्ता,दण्ड जरिवाना,बिगो आदि कार्यान्वयन गर्नलाई सहयोग पुऱ्याउन तपशिल खण्ड लेखिन्छ। तपशिल खण्डले निर्णयको स्थान लिन नसक्ने। ठहर खण्ड र तपशिल खण्ड बाझिए ठहर खण्ड नै मान्य हुन्छ। ठहर खण्डमा उल्लेख नभएका वा बिबेचना नभएका कुरा तपशिल खण्डमा उल्लेख हुन सक्दैन। यदि भएको रहेछ भने त्यसले कुनै मान्यता पाउन नसक्ने। ठहर खण्डको विपरीत वा सो वाझिने गरी तपसिल खण्ड लेखेमा कानून विपरीत हुन्छ।तपशिल खण्डमा भएको सामान्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भाषिक त्रुटि,लेखाई वा टाईपको गल्ती वा कुनै शब्द ठहर खण्ड भन्दा भिन्न हुन गएमा ठहर खण्ड विपरीत नहुने गरी सच्चाउन वा सुधार गर्न सकिन्छ। तर ईन्साफमा नै फरक हुने गरी ठहर खण्डमा लेखिएको निर्णयसँग बाझिने गरी विरोधाभास पूर्ण ढंगले लेखिएको तपशिल खण्डले मान्यता पाउन नसक्ने "(ने.का.प. २०६९ अंख १० नि.नं. ८९०७) भन्ने समेत सिद्धान्त प्रतिपादन भएको छ।प्रतिबादी संजय कुमार महर्जनले साविक नगर २३ "क्ष" कि.नं. ७३ हाल का.म.न.पा. ४ सिट नं. १२०-१०२५-१४ कित्ता नं. ४८ आफु समेतको नाममा मोही कायम गरेको,सकुलानन्द महर्जनले साविक नगर २३ क्ष कि.नं. ७३ हाल का.म.न.पा.४ सिट नं. १२०-१०२५-१४ कित्ता नं. ४८ आफु समेतको नाममा मोही कायम गरेको छन।मोहन महर्जनले साविक नगर २३ "क्ष" कि.नं. २२ हाल कायम का.म.न.पा.-४ सिट नं. १०२-१०२५-१५ कि.नं. २६७,२६२,२९५८,२५९ जग्गा आफ्नो नाममा मोही कायम गरेको देखिन्छ।यी प्रतिबादीहरूले राष्ट्रसेवक कर्मचारीलाई अनुचित प्रभावमा पारी ललिता निवास क्याम्पभित्रको सरकारी,सार्वजनिक जग्गा गैरकानूनी रूपमा आफु समेतको नाममा सट्टाभर्ना गरी गराई आफुलाई प्रत्यक्ष लाभ र नेपाल सरकारलाई प्रत्यक्ष हानि पुऱ्याउने कार्य गरेको देखिन्छ। प्रतिबादी मोहन महर्जनले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा प्रतिबादी रामकुमार सुवेदीले के कसरी जग्गाको मोहीकायम गरी पूर्जा दिएको हो थाहा भएन भनेर इन्कार गरी बयान गरेपनि कुनै पनि व्यक्तिको संलग्गता बिना उनाउ व्यक्तिको नाममा जग्गा प्राप्त हुन सक्ने अवस्था समेत देखिदैन। प्रतिबादीले ईन्कार गरी बयान गरेपनि निजको नाममा मोही कायम भएको देखिदा निजको ईन्कारी बयान खण्डित हुन्छ।सकुलानन्द महर्जनले मौकामा बयान गर्दा टिकिन्छा गुठीको हो पुर्जा निकाल्नको लागि वारेस दिएको र राम कुमार सुबेदीले मोही कायम गराई सरकारी जग्गा समेत मोही कायम गरी आफ्नो र परिवारको नाममा ल्याए पछि थाहा पाएको हो भनी बयान गरेपनि टिकिन्छा गुठीको नामको जग्गामा मोही कायम गरी जग्गा पुर्जा गराउन वारेस राखेको देखिदा यी प्रतिबादीको समेत उक्त सरकारी सार्वजनिक सम्पत्ति आफ्नो नाममा ल्याउन प्रतिबादीहरूसँग मिलोमतो गरेको भन्ने पुष्टि हुन आउछ। संजय कुमार महर्जनले समेत मौकामा बयान गर्दा रामकुमार सुबेदीले नै सबै कुरा मिलाएर मोही कायम गरिदिन्छु भनी श्री पशुपति टिकिन्छा गुठीको नाममा परेको जग्गा मोही कायम गरिदिएका हुन भनी बयान गरेबाट समेत यी प्रतिबादी मोही नभएको र सरकारी सार्वजनिक जग्गालाई आफ्नो कायम गराउन नक्कली झुट्टा मोही खडा भएको भन्ने यी प्रतिबादीहरूको बयानबाट समेत पुष्टि भएको देखिन्छ। यसरी यी प्रतिबादीहरू समेतले राष्ट्रसेवक कर्मचारीलाई अनुचित प्रभाव पारी गैरकानूनी लाभ लिई दिई ललितानिवास क्याम्प भित्रको जग्गामा आफु मोही रहेको भनी झुट्टा व्यहोरा खडा गरी उल्लिखित जग्गाहरू आफ्नो नाममा कायम गरेको मिशिल संलग्ग प्रमाणहरूबाट पुष्टि भएको स्थितिमा प्रतिबादीहरुले आरोप माग दावी बमोजिम कसुर गरेको ठहर गरी सजाय गर्नु |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | पर्नेमा फैसलाको ठहर खण्डमा प्रतिवादी विरुद्धका सवूद प्रमाणको ब्याख्या विश्लेषण सहित कसूर ठहर गरी सोही कसूर ठहरका आधारमा दण्डको समेत बिबेचना हुनुपर्नेमा त्यसो नगरी फैसलाको ठहर खण्डमा आरोपदावी बमोजिमको कसूर ठहर नगरी तपशिल खण्डमा मात्र सजाय र जरिवाना उल्लेख गरी गरेको फैसला सो हदसम्म त्रुटिपूर्ण रही बदरभागी रहेको छ।<br>• अतः माथि उल्लिखित आधार र कारण समेतबाट बिशेष अदालत काठमाण्डौले गरेको फैसला त्रुटिपूर्ण देखिदा यस पुनरावेदन पत्रको विरुद्ध खण्डका माथि उल्लिखित प्रतिबादीहरूलाई माथि उल्लिखित आधार र कारण तथा विवेचित सवूद प्रमाण समेतबाट बिशेष अदालत काठमाण्डौले गरेको फैसला त्रुटिपूर्ण देखिदा प्रतिबादीहरू मध्ये धर्म प्रसाद गौतम, टिकाबहादुर बि.सी.,जीजनाथ पौखरेल, रूद्रकुमार श्रेष्ठ,पुष्पराज उपाध्याय,ईन्द्र प्रसाद ढुङ्गाना, अर्जुन प्रसाद भण्डारी,हेमाद्री शम्शेर,जनक बहादुर भण्डारी,देव बहादुर लामिछाने,भरतचन्द्र अर्याल,अशोकनाथ उप्रेती,राजेन्द्रमान श्रेष्ठ,बालकृष्ण श्रेष्ठ,सुरोजराज कर्णिकार,बिजयुकुमार गच्छदार,जीत बहादुर थापा,कमल घिमिरे,चन्द्रदेव जोशी,दिनेश हरी अधिकारी र डम्बर श्रेष्ठ समेतका प्रतिवादीहरुलाई आरोपदावीको कसूरबाट पूर्ण रुपमा सफाई दिएको, यसै गरी प्रतिबादीहरू मध्येका रजनी पनेरू,उमा ढकाल,माधव सुबेदी,डि.एल एफ.लेभलपर्स प्रा.लि. का सञ्चालककैलाशचन्द्र गोयल, भाटभटेनी डेभलपमेन्ट प्रा.लि. का सञ्चालक मीन बहादुर गुरूङ,लक्ष्मी ढकाल,चमेली श्रेष्ठ,बाबा कार्की,अगम ढुंगाना,खेमलाल खरेल र इन्द्रदेव गुरूङको हकमा निजहरूको नाममा रहेको जग्गा जफत हुने ठहर गरी अन्य दावी नपुग्ने,आरोपदावी बमोजिमको पूरा कसूर नठहरी आंशिक कसूर ठहर भएका अन्य प्रतिबादीहरू कलाधर देवजा,सुरेन्द्रमान कपाली,युक्त प्रसाद श्रेष्ठ,मुकुन्द प्रसाद आचार्य,जगत प्रसाद पुडासैनी,रामकुमार सुबेदी, शोभाकान्त ढकाल,सुनिती राणा, शैलजा राणा,हेमन शम्शेर,हाटक शम्शेर,रुक्म शम्मशेर,ईन्द्र बहादुर थापा क्षेत्री,शान्ती मल्ल प्रधानाङ्ग,मिठुदेवी चापागाई,सरस्वती कुमारी श्रेष्ठ,निर्मलादेवी श्रेष्ठ,मोहन प्रसाद भट्टराई,बैकुण्ठ शर्मा रेग्मी,बिद्या पौडेल गौतम,सोदा कुमारी चापागाई,भुवन कुमारी चापागाई,खिमा देवी आङबुङ,शशिकला सुब्बा, उर्मिला शाह,रामनाथ घिमिरे,रामकल्याण अधिकारी,श्याम कुमार क्षेत्री,श्रीहरी पुडासैनी,टिकाराम घिमिरे,हुपेन्द्रमणी के.सी.,मोहम्मद साविर हुसेन,प्रेम बहादुर खापुङ,अर्जुन खतिवडा,शंकर प्रसाद पुडासैनी,अंगुर सिग्देल,केदार प्रसाद श्रेष्ठ,छविराज पन्त,जीत बहादुर थापा,परशुरा पोखरेल,कृष्ण प्रसाद पौडेल,हरीकृष्ण तिमिल्सेना,प्रकाश भट्ट,टेकनाथ पौडेल,दीप बस्न्यात,श्रीकृष्ण महर्जन,द्धारिकामान महर्जन,ग्वाराभाई महर्जन,मचानानी महर्जन,बाबुराजा महर्जन,रेना गुरूङ,तीर्थमाया महर्जन(आशानारायण महर्जनकोश्रीमती), तीर्थमाया महर्जन(नाती महर्जनको श्रीमती), देव नारायण महर्जन (ड्राईभर भाइचा नाती आशाकाजी महर्जनको छोरा),कान्छा महर्जन,हर्क नारायण महर्जन भन्ने हर्ष महर्जन,देव नारायण महर्जन (नाती महर्जनको छोरा),मीन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | बहादुर गुरूङ,बिल बहादुर महर्जन,श्रीमती मोहन महर्जन,संजय कुमार महर्जन,सकुलानन्द महर्जन,हरीबोल आचार्य,रामेश्वर विडारी,सेवन्तराज चापागाई,हेमराज सुबेदी, तेजराज पाण्डे,तुलसी पोखरेल,हरि प्रसाद जोशी,बलिराम प्रसाद तेली,दिलिप कुमार भट्ट,नवराज पौडेल,जय प्रसाद रेग्मी,शैलेन्द्र पौडेल,फडिन्द्र प्रसाद दाहाल,मणिकुमार राना,बद्री कुमार कार्की,लक्ष्मीनारायण उप्रेती,दिनेश प्रसाद शर्मालाई आंशिक र माग दावी भन्दा फरक सजाय गरेको हुँदा विशेष अदालतको प्रस्तुत मुद्दाको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको हुँदा बदर गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालतमा दायर आरोपत्र मागदावी बमोजिम प्रतिवादीहरुलाई कसूर ठहर गरी सजाय गरी बिगो असूल उपर गरी पाउन सम्मानित सर्बोच्च अदालतमा सादर अनुरोध छ। |